# परिच्छेद एक

## १.१ अध्ययनको पृष्ठभूमि

मूल्याङ्कन शिक्षा र पाठ्यक्रमको क्षेत्रमा प्रयोग गरिने सामान्य धारणा हो । यो मापन भन्दा बढी व्यापक स्वरुपको हुन्छ । मापनले परिमाणात्मक लेखाजोखा गर्दछ । भने मूल्याङ्कनले परिमाणात्मक लेखाजोखा गर्नुको साथै गुणको मूल्य समेत निर्धारण गर्दछ । यसले गुणको परिणामलाई उपयुक्त, अनुपयुक्त विभिन्न वर्गमा स्तरीकरण गरी यसको स्वरुपबारे पनि दृष्टिकोण प्रस्तुत गर्दछ । यसरी मूल्याङ्कन मापन र मूल्य निर्धारणको मिश्रित रुप हो ।

मूल्याङ्कन एक आधुनिक एवं वैज्ञानिक धारणा पनि हो । जुन सामान्य लेखाजोखा भन्दा बढी व्यापक हुन्छ । यसले गुणात्मक र संख्यात्मक मापनको साथै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण उद्देश्य, शिक्षण प्रक्रिया, शिक्षण सामग्री आदिको समेत लेखाजोखा गर्दछ । मूल्याङ्कनको धारणा चीनबाट शुरु भएको मानिएता पनि मूल्याङ्कनको आधुनिक विकासको दृष्टिकोण पश्चिमी मूलुककै देन मानिन्छ । विभिन्न विद्वानहरुले मूल्याङ्कन सम्बन्धी धारणाहरुलाई निम्न अनुसार उल्लेख गरेका छन् । "Thorndike and Hagen का अनुसार “मूल्याङ्कन शैक्षिक मापनको समानार्थक हो ।” Ralph W. Tyler का अनुसार “स्पष्ट रुपमा विशिष्टिकरण गरिएका उद्देश्यहरुलाई क्रियाकलापको तथ्याङ्कसँग तुलना गर्ने प्रक्रिया नै मूल्याङ्कन हो ।” त्यस्तै शिक्षाको शब्दकोषका अनुसार “कुनै पनि प्रक्रियाको मूल्य निर्धारण गर्ने प्रक्रियालाई मूल्याङ्कन भनिन्छ ।”

मूल्याङ्कन भनेको कुनै वस्तु, अवस्था वा घटना र गुणात्मक पक्षको लेखाजोखा गर्ने प्रक्रिया हो । जस अन्तर्गत कुनै वस्तु, अवस्था वा घटनाको परिमाणात्मक लेखाजोखा गर्नुका साथै गुणस्तरबारे निर्णय पनि गरिन्छ । सामान्यतया शैक्षिक मूल्याङ्कन गर्नुको औचित्य सिकाइको सुधार गर्नु नै हो । यसका साथसाथै परीक्षा प्रणालीमा सुधार गर्न, प्रभावकारी शैक्षिक प्रणाली निमार्ण गर्न, स्तर निर्धारण गर्न, विभिन्न अध्ययन र अनुसन्धान कार्यमा सघाउ पुऱ्याउन समेत मूल्याङ्कन गरिन्छ । विद्यार्थी मूल्याङ्कनमा ज्ञानको मात्र मूल्याङ्कन नभई सीप तथा व्यवहार विकासको समेत लेखाजोखा गर्नुपर्ने

हुन्छ । त्यसैले विद्यार्थी मूल्याङ्कन गर्दा लिखित परीक्षामा मात्र सिमित रहनु हुदैन ( शर्मा एण्ड शर्मा २०६१ : २१) ।

**निर्माणात्मक मूल्याङ्कन**

शिक्षा योजना सफल पार्नका लागि शैक्षिक प्रक्रियामा आन्तरिक रुपबाट गरिने मूल्याङ्कन नै निर्माणात्मक मूल्याङ्कन हो । यसको मुख्य उद्देश्य शिक्षण सिकाइमा सुधार ल्याउनु हो । त्यसैले यसमा उत्तीर्ण, अनुतीर्ण श्रेणी आदि छुट्याइरहनु पर्दैन । कक्षा कार्य, गृहकार्य, हाजिरीजवाफ, एकाइ परीक्षा, निरीक्षण आदि यसखाले मूल्याङ्कनका साधनहरु हुन् । यसले कक्षा सञ्चालन भइरहेको बेला के कस्ता कमिकमजोरी छन् ती कमजोरी हटाउने उपाय सबै देखाउने हुनाले यसलाई रचनात्मक मूल्याङ्कन पनि भनिन्छ । शैक्षिक योजनामा यस किसिमको मूल्याङ्कन आवश्यक रहेको अध्ययनबाट प्राप्त भएको छ । शिक्षण सिकाइको क्रममा विद्यार्थीका कमजोरी वा आवश्यकता पत्ता लगाई कार्यकमचालु रहेकै अवस्थामा पठन पाठन सुधार ल्याउने प्रयास यस खालको मूल्याङ्कनले गर्दछ । विद्यार्थी वा शैक्षिक कार्यक्रमका दुर्वल पक्षहरु पत्ता लगाई बेलैमा सुधार गरी समय र लगानीको नोक्सानी रोक्ने हुनाले यसको अति आवश्यकता रहेको पाइन्छ । नेपालका विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कनका साधनहरुमा कक्षाकार्य, गृहकार्य, एकाइ परीक्षा, त्रैमासिक र अर्धवार्षिक परीक्षा, हाजिरिजवाफ, अवलोकन, निरन्तर मूल्याङ्कन आदि पर्दछन् । जसले शिक्षण सिकाइ परिस्थितिमा सुधार ल्याउने, विद्यार्थीका कमिकमजोरी थाहापाउने, तुरुन्तै पृष्ठपोषण प्रदान गर्ने, शिक्षण विधि र सामग्रीमा सधुार गर्ने, विद्यार्थी प्रगतिको निरन्तर लेखाजोखा गर्ने, विद्यार्थीमा सिकाइ उत्प्रेरणा जगाउने जस्ता कार्यहरु गर्दछ ।

विद्यार्थीको स्तर निर्धारण गर्न, उपलब्धि मापन गर्न, व्यवहारको लेखाजोखा गर्न, विद्यार्थीको चौतर्फी मूल्याङ्कन गर्न मूल्याङ्कन आवश्यक हुन्छ । निर्माणात्मक मूल्याङ्कनले शैक्षिक कार्यक्रममा केन्द्रित महत्वलाई लेखाजोखा गरी सघाउ पुऱ्याउँछ । निर्माणात्मक मूल्याङ्कनले जम्मा गर्ने विभिन्न सूचना तथा जानकारीको आधारमा शैक्षणिक कार्यक्रमलाई पुनः निर्धारण गर्न र मूल्याङ्कनका बारेमा निर्देशन तयार गर्न सकिन्छ ।

शिक्षाको राष्ट्रिय उद्देश्यलाई मध्यनजर गरी विद्यार्थीको सर्वाङ्गीण विकासमा गतिशिलता एवं व्यापकता ल्याउन मूल्याङ्कन आवश्यक हुन्छ । मूल्याङ्कन गर्नु अगाडी उद्देश्य स्पष्ट र विशिष्ट रुपमा उल्लेख गरिएको हुनुपर्दछ । निर्धारित उद्देश्य प्राप्त नहुँदासम्म मूल्याङ्कन प्रक्रियाको चक्र निरन्तर चलिरहन्छ । मूल्याङ्कनको बदलिदो धारणा अनुसार शिक्षा सम्बन्धी प्रत्येक व्यक्तिको दृष्टिकोण समय अनुसार परिवर्तन हुदै गएको पाइन्छ । शुरु-शुरुमा शिक्षाको मुख्य उद्देश्य कुनै पनि व्यक्तिमा पढाइ, लेखाइ र अंक गणितीय ज्ञान प्राप्त गर्नु थियो । त्यस समयमा विद्यार्थीले के कति जान्यो भन्ने कुरा उसले कण्ठस्त सुनाएका विषयवस्तुबाट स्पष्ट हुने गर्दथ्यो । उसको विषयवस्तुको विषयगत उपलब्धिको मात्र जाँच गर्दथ्यो तर आजकल शिक्षा सम्बन्धि त्यस किसिमको दृष्टिकोण बदलिएको छ । आजको वैज्ञानिक युगमा आएर शिक्षाले विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउनु पर्दछ भन्ने सोचको विकास भएको पाइन्छ । यसरी विद्यार्थीहरुमा परीक्षाबाट जाँचिने विषयवस्तुको अलवा अन्य सम्पूर्ण उपलब्धिको जाँच गर्ने साधन नै मूल्याङ्कन साधन अन्तर्गत पर्दछन् । विद्यार्थीको विविध पक्षको मूल्याङ्कन गर्नका लागि लिखित परीक्षा, अन्तर्वाता, मौखिक परीक्षा, प्रयोगात्मक परीक्षा, बुद्धिलब्धी परीक्षण, अवलोकन भ्रमण आदि गर्ने गरिन्छ ।

धेरैजसो ठाउँमा निर्णयात्मक मूल्याङ्कनलाई बढी प्राथमिकता दिएको पाइन्छ । सोही अनुरुप मुख्य रुपमा हाम्रो देशमा पनि निर्माणात्मक मूल्याङ्कनमा भन्दा निर्णयात्मक मूल्याङ्कनमा बढी जोड दिएको पाइन्छ । निर्णयात्मक मूल्याङ्कनमा शैक्षिक कार्यक्रम सफल भयो वा भएन हेर्ने गरिन्छ जसको मूल उद्देश्य विद्यार्थीको उपलब्धिको तह वा श्रेणी निर्धारण गरी प्रमाणपत्र प्रदान गर्नु हो । शैक्षिक क्षेत्रमा रहेको वार्षिक परीक्षालाई निर्णयात्मक मूल्याङ्कनका रुपमा लिने गरिन्छ । त्यस्तै गरी विभिन्न कक्षा कार्य, गृहकार्य, कक्षाकोठामा गरिने अन्य मूल्याङ्कनका साधनहरुलाई निर्माणात्मक मूल्याङ्कनका साधनका रुपमा लिइन्छ । निर्माणात्मक मूल्याङ्कन शैक्षिक कार्यक्रमको सुधारका लागि प्रयोग गर्ने गरिन्छ । विद्यार्थीको कमीकमजोरी पत्ता लगाइ निरन्तर सुधार गरी शैक्षिक गुणस्तर र उपलब्धिमा वृद्धि गर्न निर्माणात्मक मूल्याङ्कनको प्रयोग गर्न आवश्यक देखिन्छ । यस मूल्याङ्कन अन्तर्गत हाल प्रा.वि. तहमा लागू गरिएको उदार कक्षा नितिलाई लिन सकिन्छ ।

## १.२ समस्याको कथन

अन्य संघसंस्थामा जस्तै विद्यालयमा पनि मूल्याङ्कन प्रक्रिया सञ्चालन गरिन्छ । सोही मूल्याङ्कनले विद्यार्थीहरुको व्यवहारमा आएका सबै खालका परिवर्तनहरुको अध्ययन गरी त्यसमा आवश्यक सुधार गर्ने कार्यलाई निर्देशन गर्ने भएकोले विद्यालय स्तरको मूल्याङ्कन पनि यही कार्यमा लक्षित भएको पाइन्छ । विद्यार्थीको ज्ञान, सीप र व्यवहारमा आएका परिवर्तनहरुको लेखाजोखा गर्ने अनेकौ साधन तथा प्रविधिहरु छन् जुन साधन तथा प्रविधिहरुमा अन्तर्वाता, स्वमूल्याङ्कन, प्रयोगात्मक कार्य, अवलोकन, सामाजिक व्यवहारको अध्ययन र विभिन्न किसिमका परीक्षाहरु नै बढी प्रचलनमा ल्याउने गरिएको पाइन्छ ।

समुदायले, अभिभावकले, विद्यार्थीले, शिक्षकले र सरकारले हरेक वर्ष शिक्षा क्षेत्रमा ठूलो लगानी गरेका छन् । शिक्षाको गुणस्तर र उपलब्धि वृद्धि गर्न सरकार लगायत आधारभूत प्राथमिक शिक्षा परियोजना विभिन्न कार्यक्रम योजना र नीतिका साथ क्रियाशिल छ । त्यति हुँदाहुँदै पनि अझै सन्तोषजनकका रुपमा शिक्षाको गुणस्तर र उपलब्धि वृद्धि किन भएन ?

विद्यालयमा शैक्षिक उपलब्धिको मूल्याङ्कन गर्दा निर्णयात्मक मूल्याङ्कनलाई नै प्रमुख आधार मानेर त होइन ! के शैक्षिक गुणस्तर र उपलब्धि वृद्धि गर्न विद्यार्थीहरुको सुधारात्मक पक्षमा जोड दिनु पर्ने हो ? निर्माणात्मक मूल्याङ्कन र शैक्षिक गुणस्तर एवं उपलब्धि विचको अन्तर सम्बन्ध कस्तो छ ? विद्यार्थीहरुमा रहेका कमजोर पक्षहरुको सुधार नगरिकन शिक्षाको गुणस्तर र उपलब्धि अभिवृद्धि गर्न सकिन्छ । शैक्षिक गुणस्तर र उपलब्धि वृद्धि गर्न विद्यालय व्यवस्थापन र नेतृत्वको कस्तो भूमिका आवश्यक पर्दछ ? शिक्षकहरुको क्रियाशिलता, अनुभव, योग्यता तालिमको अभावले निर्माणात्मक मूल्याङ्कनलाई व्यवहारमा लागु नगर्नाले त होइन ? प्राय: सरकारी विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुका अभिभावकहरु आफ्ना छोराछोरीको पढाइको अवस्था प्रति जिज्ञासु नभएर हो की ! शिक्षक, विद्यार्थी र अभिभावक विच आपसी सहयोग र समन्वय आवश्यक छ कि छैन ? विद्यालय व्यवस्थापन पक्षमा के कस्ता कमिकजोरीहरु छन् ? विद्यालयमा प्ाय: अवलम्बन

गरिने मूल्याङ्कन प्रक्रियाहरु के-के हुन् ? ति समस्याहरुको समाधानले शैक्षिक गुणस्तर र उपलब्धिमा सुधार होला ? आदि थुप्रै प्रश्नहरु समस्याको रुपमा देखा परेका छन् । सरकारले सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर र उपलब्धि वृद्धि गर्न शिक्षक विद्यार्थी अनुपातमा अनुदान, शिक्षकको बढुवा एवं सेवा र सुविधामा वृद्धि, प्र.अ. नियूक्ति, प्र.अ.लाई व्यवस्थापन तालिम, शिक्षक तालिम आदिको व्यवस्थापन शिक्षक नियमावलीमा व्यवस्था गरेको छ । त्यस्तै आधारभूत तथा प्राथमिक शिक्षा गुरुयोजना (१९९७-२००२) लागू भै हालसम्म प्राथमिक शिक्षाको गुणस्तर र उपलब्धि सुधारमा विभिन्न योजना र कार्यक्रम साथ काम गर्दै आइरहको छ । यतिका प्रयास हुदाहुदै पनि सामुदायिक विद्यालय शिक्षामा निर्माणात्मक मूल्याङ्कनको प्रभावकारिता खास नदेखिएकोले यस अवस्थामा विद्यार्थीहरुको शैक्षिक गुणस्तर एवं उपलब्धि कस्तो छ ? यसले विद्यालय शिक्षाको गुणस्तर र उपलब्धि वृद्धिमा कस्तो प्रभाव पारेको छ ? जस्ता थुप्रै जिज्ञासा मेट्न सरकारी विद्यालयका प्राथमिक देखि माध्यमिक तहमा निर्माणत्मक मूल्याङ्कनलाई यस अध्ययनको समस्या कथनको रुपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षामा गरिएको लगानीले बालबालिकाको सर्वाङ्गिण विकासमा सहयोग पुग्नुपर्दछ । व्यक्तित्व विकासमा सकरात्मक र लगानी अनुसार प्रतिफल प्राप्त हुन नसकेमा त्यसको असर समाज र राष्ट्रमा पर्दछ । विद्यालयमा मूल्याङ्कनलालई पठनपाठनकै अभिन्न अंगको रुपमा लिइन्छ । कुनै शैक्षिक सत्रको शुरु देखि अन्तिम परीक्षा सम्म मूल्याङ्कन नियमित र निरन्तर गरिरहनु पर्दछ । जसबाट विद्यार्थीको सिकाइ उपलब्धि बढ्दै जान्छ । मूलतः मूल्याङ्कनका प्रकार मध्ये निर्माणात्मक मूल्याङ्कन कक्षाकार्यको रुपमा गरिने मूल्याङ्कन हो । यसले अध्ययनको उपलब्धि तथा कमीकमजोरीको लेखाजोखा गर्न सहयोग पुऱ्याउँछ, किनभने यसबाट विद्यार्थीको त्रुटि क्षेत्र पत्ता लगाइ तिनको उपचार गरिन्छ । त्यसैले शिक्षण सिकाइमा विद्यार्थीको निरन्तर मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

यस अध्ययनबाट विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कनको अवस्था, देखा परेका समस्याहरु, प्रभाव पार्ने तत्व र साधनहरु पत्ता लगाइ विद्यालय स्तरको वर्तमान शैक्षिक उपलब्धि र गुणस्तरमा वृद्धि गर्न सकिन्छ। तसर्थ यस विषयको औचित्य एंव महत्व छ भन्ने कुरा सहज बुझ्न सकिन्छ।

## १.४ अध्ययनको उद्देश्य

क) निर्माणात्मक मूल्याङ्कनको प्रयोगको अवस्था पहिचान गर्ने।

ख) निर्माणात्मक मूल्याङ्कनले शैक्षिक उपलब्धिमा पार्ने प्रभावको विश्लेषण गर्ने।

ग) निर्माणात्मक मूल्याङ्कन प्रक्रियामा देखिएका समस्याहरु पहिचान गरी समाधानका उपायहरु सुझाउने।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु :

क) सामुदायिक विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कनको अवस्था कस्तो छ ?

ख) विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कनको प्रयोग गर्दा के के प्रक्रिया अपनाइएको छ ?

ग) निर्माणात्मक मूल्याङ्कन प्रक्रियाले शैक्षिक उपलब्धिमा कस्तो प्रभाव पारेको छ ?

घ) विद्यालयमा निर्माणात्मक मूल्याङ्कन प्रक्रियामा देखिएका समस्याहरु के के छन् ?

ङ) विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कनमा देखिएका समस्या समाधानका उपायहरु के के हुन् ?

## १.६ अध्ययनको परिसीमाहरु :

हरेक अध्ययनका आ-आफ्ना सीमा हुन्छन्। यस अध्ययनका पनि केहि सीमाहरु छन्। यो अध्ययन मूल्याङ्कनका विभिन्न पक्षहरु मध्ये निर्माणात्मक मूल्याङ्कनसँग मात्र सिमित गरिनेछ। यस अध्ययनमा छनौटमा परेका हरेक विद्यालयका ५/५ विद्यार्थी, हरेक विद्यालयका प्र.अ. १/१ जना, शिक्षक २/२ जना, वि.व्य.स. का पदाधिकारी १/१ जना गरी जम्मा २७ जनामा सिमित रहने छ। निर्माणात्मक मूल्याङ्कनको प्रभावकारीता अध्ययनमा छनोटमा परेका ३ सामुदायिक विद्यालयको शैक्षिक वर्ष

२०६७, २०६८ र २०६९ सालको जम्मा विद्यार्थी संख्या, जम्मा उत्तीर्ण संख्या र प्रतिशतको विश्लेषणमा सिमित गरिएको छ ।

निर्माणात्मक मूल्याङ्कनले शैक्षिक उपलब्धिमा पारेको प्रभाव सम्बन्धी थप अध्ययनका लागि तथ्याङ्क संकलन गर्ने क्रममा प्राथमिक स्रोतको रुपमा अर्न्तवार्ता, अवलोकन र द्वितीय स्रोतको रुपमा विद्यालयको अभिलेखबाट प्राप्त तथ्याङ्कलाई आधार मानिने छ ।

# परिच्छेद -दुई

## सम्बन्धित साहित्यको सिंहावलोकन र सैद्धान्तिक खाका

वैचारिक पक्षको अध्ययन र त्यसका आधारमा खाका निर्माण गरेपछि हरेक अनुसन्धानमा मिल्दाजुल्दा विभिन्न पुस्तक, लेख, शोधपत्रलाई सिंहावलोकन गर्ने काम गरिन्छ । त्यसै कार्य अर्न्तगत यस अध्ययनलाई सम्बन्धित साहित्यसँग तुलना र अवलोकन गरिएको छ । शैक्षिक उपलब्धि तथा गुणस्तर अभिवृद्धिका सम्बन्धमा शिक्षा क्षेत्रमा विभिन्न विद्वान र अनुसन्धानकर्ताद्वारा आफ्ना विचार, लेख, रचना, सुझाव तथा तथ्याङ्कहरु प्रस्तुत गरेको पाइन्छ । त्यसैगरी मूल्याङ्कन प्रक्रिया र शैक्षिक उपलब्धिका सन्दर्भमा विभिन्न विद्वानद्वारा विभिन्न सिद्धान्तहरुको प्रतिपादन र कार्यान्वयन भएको पाइन्छ । यहाँ यस अध्ययनसँग सम्बन्धित लेख, पुस्तक तथा अनुसन्धानबाट प्राप्त निष्कर्षहरुलाई समावेश गर्ने प्रयास गरिएको छ ।

### २.१ सम्बन्धित साहित्यको सिंहावलोकन

पाठ्यक्रम योजना र अभ्यास सहायक पुस्तिका अनुसार, शैक्षिक योजनाको कार्यान्वयनका क्रममा गरिने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । यस किसिमको मूल्याङ्कन शिक्षक-विद्यार्थीको आपसी सहमतिमा योजनावद्ध वा कुनै पनि रुपमा हुन सक्दछ । शैक्षिक योजनामा देखा परेका गल्तीहरुलाई सुधारी योजना सफल बनाउनु यस मूल्याङ्कनको मूल उद्देश्य हो ।

निर्माणात्मक मूल्याङ्कन शिक्षण प्रक्रियामा सबैभन्दा आवश्यक र महत्वपूर्ण मानिन्छ । किनभने शैक्षिक योजनामा उद्देश्य, पाठ्यक्रम, पाठ्यविषय, शिक्षण क्रियाकलाप, शिक्षण विधि र उपलब्धि मूल्याङ्कन नभई हुँदैन । यी कुनै पनि कुराहरुको कमी हुन जाँदा शिक्षण योजना नै सफल हुन सक्दैन । सबै पक्षको छुट्टा-छुट्टै रुपबाट मूल्याङ्कन गर्दै योजनामा कमी भएका कुराहरुमा सुधार गर्दै योजनालाई विकास गर्दै लानु पर्दछ । यसरी योजना सुधारका लागि आन्तरिक रुपबाट गरिने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । अर्को शब्दमा भन्दा शिक्षण योजना सफल पार्न शैक्षिक प्रक्रियाहरुमा आन्तरिक रुपबाट गरिने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन

भनिन्छ । कक्षाकार्य, गृहकार्य, त्रैमासिक र अर्धवार्षिक परीक्षा, अवलोकन निर्माणात्मक मूल्याङ्कनका उदाहरण हुन् । (शर्मा एण्ड शर्मा २०६४:२९२)

निर्माणात्मक मूल्याङ्कन विभिन्न तरीकाहरुबाट गर्न सकिन्छ । शिक्षण सिकाइ प्रक्रियाकै बिचमा मूल्याङ्कन गरी विद्यार्थीको कमी कमजोरी पक्ष पत्ता लगाई त्यसमा सुधार तथा उपचार गर्नु यसको प्रमुख उद्देश्य हो । यसले शिक्षक-विद्यार्थी दुवैलाई पृष्ठपोषण प्रदान गर्छ । निर्माणात्मक मूल्याङ्कनबाट शिक्षक-विद्यार्थीविच राम्रो सम्बन्ध विकास हुन्छ, असफल विद्यार्थीहरुलाई पुनर्वल प्रदान गर्न सकिन्छ, सिकारुहरुमा उत्प्रेरणा जगाउन सकिन्छ, धारणा र सिकाइ स्थानान्तरणमा मद्दत पुग्छ, सिकाइका बाधाहरु हटाई सुधार गर्न सकिन्छ । पाठयक्र्म र मूल्याङ्कन पुस्तिका अनुसार (भट्टराई र धामी २०६७:१८४)

राल्फ डब्ल्यु टायलरले विद्यार्थी मूल्याङ्कन विभिन्न सिकाइ अनुभवलाई सँगठित गर्न, व्यक्तिगत विभिन्नता पत्ता लगाइ कार्य गर्न, अपेक्षित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्न र अपेक्षित सिकाइ उपलब्धि हासिल नभएमा उपयुक्त शैक्षिक पद्धति र प्रक्रिया अपनाउन सहयोग पुऱ्याउन, शैक्षणिक कार्यक्रमको संगठन र विकास गर्न आवश्यक हुन्छ भनी उल्लेख गरेका छन् (ज.व.रा.२०५९:७५)

नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित प्राथमिक पाठ्यक्रम दिग्दर्शनले विद्यार्थी मूल्याङ्कन सम्बन्धमा निम्नानुसारको अवधारणा प्रस्तुत गरेको छ, पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उपलब्धिहरु के कति मात्रामा हासिल भए वा भएनन् भन्ने कुराको मापन गर्न मूल्याङ्कन आवश्यक हुन्छ । विद्यार्थी मूल्याङ्कन कार्यबाट शिक्षण प्रक्रियामा अपनाइएको विधि, सामग्री, क्रियाकलाप आदि पक्षको प्रभावकारिता बारे महत्वपूर्ण जानकारी प्राप्त हुन्छ । यस जानकारीले शिक्षकलाई अध्यापन कार्यमा सघाउ पुग्नुका साथै विद्यार्थीका कमजोरी समेत पत्ता लगाउन मद्दत गर्दछ । विद्यार्थी मूल्याङ्कनको तात्पर्य विद्यार्थीहरुले हासिल गरेका उपलब्धिका आधारमा माथिल्लो कक्षामा चढाउने मात्र नभई उनीहरुको कमी कमजोरी र प्रगतिको लेखाजोखा गर्ने एउटा मूल आधार मान्न सकिन्छ (प्राथमिक पाठ्यक्रम दिग्दर्शन २०५०:६१) ।

मूल्याङ्कन शिक्षणको प्रमुख आधार हो । शिक्षण सिकाइ क्रियाकलापमा मूल्याङ्कनको भूमिका महत्वपूर्ण रहन्छ । मूल्याङ्कन प्रक्रियाबाट कार्यक्रमको उद्देश्य, शैक्षिक उन्नति, शिक्षण क्रियाकलापको प्रभावकारिता, विद्यार्थीको व्यवहारमा आएको अपेक्षित परिवर्तन, शिक्षण कार्यमा नयाँ नयाँ खोजविन के कति भएका छन् जस्ता कुराको उत्तर खोज्ने प्रयास गरिन्छ । मूल्याङ्कनमा सधै परीक्षा र मापन आवश्यक हुन्छ । मूल्याङ्कन शैक्षिक कार्यको एउटा अत्यावश्यक चरण हो । शिक्षणको प्रमुख लक्ष्य विद्यार्थीमा अपेक्षित व्यवहारिक परिवर्तन भयो भएन, शैक्षिक उद्देश्य प्राप्त भयो भएन, शिक्षक प्रक्रियामा के कस्तो सुधार ल्याउनु पर्ने हो, विद्यार्थीको स्तर एवं उपलब्धि निर्धारण गर्न मूल्याङ्कनको प्रयोग गरिन्छ भनी उल्लेख गरिएको पाइन्छ । ( ज.व.रा., श्रेष्ठ र रञ्जितकार २०६०:२४) ।

निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्यवन पुस्तिका अनुसार सामान्य अर्थमा मूल्याङ्कन भनेको अवलोकन तथा अन्य माध्यमबाट प्राप्त सूचनाका आधारमा कुनै कार्यको प्रगति हेर्ने दृष्टिकोण वा मूल्य निर्धारण गर्ने कार्य हो । यसले ठोस निर्णयको लागि आधार प्रदान गर्दछ । विद्यार्थी मूल्याङ्कन भनेको विद्यार्थीमा के कस्तो सिकाइ उपलब्धि प्राप्त भयो वा भएन भनी हेर्ने प्रक्रिया हो । विद्यार्थी मूल्याङ्कन सुधारात्मक/ निर्माणात्मक हुन्छ । सिकाइ प्रक्रियासँग-सँगै चलिरहने विद्यार्थीको मूल्याङ्कनलाई निरन्तर विद्यार्थी मूल्याङ्कन भनिन्छ । निर्माणात्मक मूल्याङ्कनलाई किन निरन्तर मूल्याङ्कन भनिन्छ भन्ने सन्दर्भमा स्पष्ट हुन निर्णयात्मक तथा निर्माणात्मक मूल्याङ्कनका बारेमा परिचित हुनु आवश्यक छ । विद्यार्थीको बारेमा निर्णय लिन र विद्यार्थीमा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य पूरा गराउन विद्यार्थीको मूल्याङ्कन गरिनु निर्णयात्मक र पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उद्देश्य पुरा गराउन सुधारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने अभिप्रायले गरिने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भन्न सकिन्छ । निरन्तर मूल्याङ्कन कार्यान्वयन पुस्तिका (२०६८:१) ।

प्राथमिक तहको पाठ्यक्रममा उल्लेख भए अनुसार विद्यार्थीको मूल्याङ्कन विद्यालयको प्रगतिको ऐना हो । राम्रो विद्यार्थी मूल्याङ्कनले विद्यार्थीलाई न्याय दिन्छ । विद्यार्थी मूल्याङ्कन, शिक्षण सिकाइ प्रक्रियालाई सरलीकृत र सबलीकृत गर्नका लागि हुनेछ

भन्ने धारणाको विकास गराइ प्राथमिक तहमा औपचारिक र अनौपचारिक मूल्याङ्कन नियमित रुपमा हुनेछ । विद्यार्थीहरुको प्रगति प्रतिवेदन, अभिभावक, शिक्षक र प्रशासनमा बढी भन्दा बढी आदान-प्रदान हुनेछ । विद्यार्थी मूल्याङ्कनको परिपाटल्गाइ विकेन्द्रीकरण गरिनेछ भन्ने धारणाको विकास भएको पाउँदछौं । (प्राथमिक तह पाठ्यक्रम २०४९: ११) ।

शिक्षामा मापन तथा मूल्याङ्कन सहायक पुस्तिका अनुसार कुनै एक सामान्य क्रियाकलापदेखि लिएर ठूला-ठूला समस्याहरुको समाधानका लागि मूल्याङ्कन एउटा अपरिहार्य आवश्यकता हो । कुनै कामको प्रारम्भ, अभ्यास र समाप्तिपछि समेत यसको जरुरी पर्दछ । शैक्षिक क्षेत्रमा पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक लगानी, शिक्षण संस्थाका क्रियाकलाप, शैक्षिक उपलब्धि समेतको निरन्तर मूल्याङ्कन जरुरी हुन्छ । यसरी गरिने मूल्याङ्कनले एकातिर निर्माणात्मक पक्षको कार्य गर्दछ त अर्कोतिर शैक्षिक गतिविधि, लगानी र प्रतिफलको लेखाजोखाद्वारा वर्गीकरण, तुलना, छनोट गरी शैक्षिक निर्णयहरु लिन सहयोग पुऱ्याउँदछ । यसरी मूल्याङ्कनले शैक्षिक उपलब्धिको बाहक, निर्धारक र प्रतिपादकको भूमिका निर्वाह गर्दछन् भनी उल्लेख गरेको पाइन्छ । (पोखरेल र तिमिल्सिना २०५८, ६५:४२)

कुनै पनि कार्यक्रम सञ्चालनसँगै निरन्तर रुपमा गरिने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । निर्माणात्मक मूल्याङ्कनले विद्यार्थी, शिक्षक र कार्यक्रम तीनै थरल्गाइ पृष्ठपोषण प्रदान गरिरहेको हुन्छ । यस्तो पृष्ठपोषणले विद्यार्थीलाई सफल सिकाइको लागि पुनर्वल दिने र सुधार गर्नुपर्ने विशिष्ट सिकाइ त्रुटिहरु पहिचान गर्न सहयोग पुऱ्याउँदछ । निर्माणात्मक मूल्याङ्कनलाई कुनै कार्यक्रम प्रमाणित गर्न होइन कि यसलाई सुधार गर्नमा प्रयोग गरिन्छ । त्यसैले यस्तो मूल्याङ्कन औपचारिक, लचिलो र कार्यक्रम सञ्चालन गर्न सकिन्छन् भन्ने कुरा शिक्षामा मापन र मूल्याङ्कन पुस्तिकामा उल्लेख गरेको कुरा पाइन्छ । (पराजुली, खनाल, सुवेदी आदि (२०६६: ३४)

सामान्य अर्थमा भन्दा कुनै पनि विषयवस्तु वा चीजवस्तुको लेखाजोखा, छानविन वा जाँचबुझ गर्नुलाई मूल्याङ्कन भनिन्छ । मानिसले आफ्नो जीवनमा आइपर्ने कतिपय कामकारबाहीहरुका सिलसिलामा गल्ती, कमजोरी, त्रुटिहरु गर्दछन् । त्यस्ता त्रुटि,

कमजोरीहरुलाई सुधार गर्दै भावी सुधारात्मक क्रियाकलाप गर्दे जानुपर्दछ । यो प्रक्रिया मूल्याङ्कन भित्र पर्दछ । यस अर्थमा मूल्याङ्कन मानव जीवनका लागि निकै महत्वपूर्ण मानिन्छ भन्ने कुरा शैक्षणिक मूल्याङ्कनमा उल्लेख गरिएको पाइन्छन् । ( शर्मा एण्ड शर्मा २०६३:२१)

## २.२ अध्ययनको सैद्धान्तिक खाका :

यस अध्ययन अन्तर्गत विभिन्न विद्वानका दृष्टिकोणलाई सैद्धान्तिक खाकाका रुपमा प्रष्ट्याउने प्रयास गरिएको छ ।

विद्वान ग्राउण्ड र लिन्न (१९९०) ले "निर्माणात्मक मूल्याङ्कनलाई शिक्षण सिकाइको क्रममा शिक्षणमा यसको प्रगतिलाई अनुगमन गर्न प्रयोग गरिन्छ र यसको उद्देश्य शिक्षक र विद्यार्थी दुवैलाई सिकाइको सफलता र असफलतामा पृष्ठपोषण प्रदान गर्दछ भन्ने तर्कमा जोड दिएका छन् ।

विद्वान Scriven (1967) का अनुसार : कार्यक्रम सञ्चालनको अवस्थामा के भइरहेको छ, के कमी कमजोरी छ र के सुधार गर्नु पर्छ भन्ने सम्बन्धमा आवश्यक सूचनाहरु प्रदान गर्नु नै निर्माणात्मक मूल्याङ्कन हो । शैक्षिक कार्यक्रम अथवा शिक्षण सिकाइ क्रियाकलापलाई सुधार गर्न सञ्चालित मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । यस प्रकारको मूल्याङ्कन कार्यक्रम वा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको अवस्थामा सञ्चालन गरिन्छ । यसको प्रमुख उद्देश्य कार्यक्रम सञ्चालनको अवस्थामा शिक्षण सिकाइ प्रक्रियाको सफलता वा असफलताबारे आवश्यक सूचनाहरु प्रदान गरी निरन्तर पृष्ठपोषण प्रदान गर्नु हो भनी उल्लेख गरेका छन् ।

Worthen and Sanders (1987) का दृष्टिकोणमा शिक्षण सिकाइ कार्यलाई प्रभावकारी तथा समय सापेक्ष बनाउन निर्माणात्मक मूल्याङ्कन अति नै आवश्यक र उपयोगी हुन्छ तर यसको निम्ति निरन्तर रुपमा मूल्याङ्कन सञ्चालन गर्नु पर्दछ । यसैमा आधारित भई विद्यार्थीका कमिकमजोरीका साथै उद्देश्य, विषयवस्तु, शिक्षण सिकाइ क्रियाकलाप, शिक्षण सामग्री, विद्यार्थी मूल्याङ्कन जस्ता विविध पक्षहरुमा पुनरावलोकन गरी सुधार एवं परिमार्जन गरिन्छ भन्दै निर्माणात्मक मूल्याङ्कनका निम्ति विभिन्न साधनहरु प्रयोगमा ल्याउन सकिने कुराहरु औंल्याएका छन् :

**१. कक्षा कार्य :**

विद्यार्थीहरुले कक्षामा गर्ने कार्यलाई कक्षाकार्य भनिन्छ । यस कार्यले विद्यार्थीहरुलाई क्रियाशील, शिक्षण सिकाइ क्रियाकलापमा संलग्न गराउनु हो । एउटा असल शिक्षकले कक्षामा विद्यार्थीलाई लेख्न लगाउने, भन्न लगाउने, प्रश्न सोध्ने, सोध्न भन्ने, छलफल गराउने आदि थुप्रै कामहरु गराउन सक्दछ । यी सबै कक्षाकार्यका उदाहरणहरु हुन् । त्यसैले निर्माणात्मक मूल्याङ्कनको एक प्रभावकारी कार्यका रुपमा कक्षा कार्यलाई लिइन्छ ।

**२. गृहकार्य :**

विद्यार्थीहरुलाई घरमा गर्न दिइने विषयगत रुपको शैक्षिक कार्यलाई गृहकार्य भनिन्छ । गृहकार्यले विद्यार्थीलाई कक्षामा सिकेको कुरामा अभ्यस्त गराउने, सिकाइलाई गहिरो पार्ने, स्वतन्त्र रुपले अध्ययन गर्ने बानीको विकास गराउने, सृजनात्मकताको विकास गराउने, आत्मनिर्भर बनाउन र सिकाइलाई प्रभावकारी बनाउने कार्य गर्दछ । त्यसैले विद्यार्थीको सिकाइ उपलब्धिमा सुधारात्मक कार्य गराउने एक माध्यम गृहकार्य भएकोले यसलाई निर्माणात्मक मूल्याङ्कनको एक अंग मानिन्छ ।

**३. एकाइ परीक्षा :**

विषयगत रुपमा एकाइको अध्ययन गराइ सकेपछि लिइने परीक्षालाई एकाइ परीक्षा भनिन्छ । एकाइमा राखिएका उद्देश्य पूरा भयो भएन ? एकाइगत रुपमा विद्यार्थीले कुन मात्रामा ज्ञान र सीप प्राप्त गर्न सके ? विद्यार्थी सिकाइ प्रति प्रेरित छन् छैनन् ? विद्यार्थीका व्यक्तिगत विभिन्नताका आधारमा के कस्ता सुधार कार्यहरु अपनाउनुपर्दछ ? आदि पक्षहरुको लेखाजोखा गर्न एकाइ परीक्षा लिने गरिन्छ । विद्यार्थीको उपलब्धि प्राप्ति र सक्रिय क्रियाकलापका लागि एकाइ परीक्षालाई निर्मणात्मक मूल्याङ्कनको महत्वपूर्ण साधन मानिन्छ ।

**४. त्रैमासिक र अर्धवार्षिक परीक्षा :**

विद्यार्थीलाई विषयगत रुपमा ३/३ महिनामा लिइने परीक्षालाई त्रैमासिक र ६/६ महिनामा लिइने परीक्षालाई अर्धवार्षिक भनिन्छ । ३ महिना र ६ महिनाका अवधिमा पढाइका विषयहरुबाट विद्यार्थीले कति उपलब्धि प्राप्त गर्न सके, उनीहरुले के-के सुधार कार्य गर्नुपर्ने हो, पाठ्यक्रमका उद्देश्य कति मात्रामा पूरा भयो ? शिक्षण सिकाइको सुधार गर्ने उद्देश्यले सञ्चालन हुने हुनाले यी दुवै परीक्षालाई निर्माणात्मक मूल्याङ्कनभित्र राखिएको हो । यी दुवै परीक्षाको उद्देश्य शिक्षण सिकाइमा देखा परेका समस्याहरु हटाइ सुधारात्मक रुपबाट अघि बढ्नु रहेकोले यसलाई निर्माणात्मक मूल्याङ्कनका साधन नै भन्नु पर्दछ ।

**५. हाजिरीजवाफ :**

कक्षा कोठाभित्र वा विभिन्न कक्षाहरुका विचमा प्रश्नहरु सोधी जवाफ लिने प्रतिस्पर्धात्मक माध्यमलाई हाजिरी जवाफ भनिन्छ । जे होस् विद्यार्थीहरुका विचमा स्वस्थ प्रतिस्पर्धा गराउनु, शिक्षण सिकाइका विविध विषयहरुलाई एकिकृत रुपमा सिक्ने बानी बसाल्नु, सिकाइप्रति प्रेरणा जगाउनु, सुधारात्मक उपायहरु पत्ता लगाउनु आदि यसका उद्देश्यहरु मानिन्छन् । त्यसैले यस किसिमको मूल्याङ्कनको माध्यमलाई पनि निर्माणात्मक मूल्याङ्कनको अंग मानिएको हो ।

**६. अवलोकन :**

विद्यार्थीका पाठ्यक्रमभित्रका र पाठ्यक्रम बाहिरका विभिन्न क्रियाकलापहरु हुने गर्दछन् । यस्ता विविध क्रियाकलापलाई शिक्षक र विद्यालयले अवलोकन गरिरहेको हुन्छ । यसरी अवलोकन गर्नु भनेको विद्यार्थीको व्यक्तिगत क्रियाकलाप पत्ता लगाउनु, व्यक्तिगत विभिन्नता पत्ता लगाइ सुधारात्मक विधिको छनोट गुर्न हो । यसरी अवलोकनले शिक्षण सिकाइको विकासमा सकारात्मक सुधार ल्याउने हुनाले यसलाई निर्माणात्मक मूल्याङ्कनको साधन मानिएको हो ।

## २.३ शैक्षिक उपादेयता

कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्न सम्बन्धित साहित्य, लेख, रचना, पुस्तक आदिको समिक्षात्मक अध्ययन आवश्यक हुन्छ । त्यसै गरी यहाँ निर्माणात्मक मूल्याङ्कनले शैक्षिक उपलब्धिमा पार्ने प्रभावसँग सम्बन्धित साहित्यहरुको पुनरावलोकनले यस अध्ययनलाई पुरा गर्न निकै मद्दत पुगेको कुरा अवगत गराउन चाहन्छु । यी प्रतिवेदनहरु मध्ये पाठ्यक्रम विकास केन्द्र २०६४ द्वारा प्रकाशित निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यक्रम पुस्तिकामा विद्यार्थी मूल्याङ्कन प्रक्रिया, उदार कक्षोउन्नतीका अवधारणा र यसले पारेको प्रभाव सम्बन्धि अध्ययनबाट यस शोधकार्यमा धेरै सहयोग मिलेको पाइयो । सोही पुस्तिकामा विद्यालयमा सञ्चालित कार्यक्रमहरु नियमित अनुगमन र अवलोकन गर्दा बढी शैक्षिक उपलब्धि प्राप्त भएको देखियो ।

भोजराज सिलुवालद्वारा प्रकाशित लेखको अध्ययनबाट शिक्षण सिकाइ कार्यलाई प्रभावकारी बनाउन शिक्षकले खेल्ने भूमिका, मूल्याङ्कनका साधन र मूल्याङ्कन प्रक्रियाको सञ्चालनको अध्ययनबाट फरक फरक मूल्याङ्कनका साधनको प्रयोग गरी शैक्षिक उपलब्धि हासिल गरेका विद्यालयको तुलनात्मक अध्ययन गर्न सकिएको छ । त्यसैगरी माइकल स्करविनले केलीफोर्निया विश्व विद्यालयमा प्रस्तुत गरेको कार्यपत्रको अध्ययनले मूल्याङ्कनको भूमिका र लक्ष्यलाई स्पष्ट गरेको पाइन्छ । जसले गर्दा यस शोधकार्यमा मूल्याङ्कन कार्य स्पष्ट रुपमा लक्षित वर्गमा पुग्न सकोस् जसले अपेक्षित उपलब्धि हासिल गर्न सक्नेछ भन्ने लागेको छ ।

माथिका कुराहरुलाई दृष्टिगत गरी यस अनुसन्धान निम्न अनुसारको शैक्षिक उपादेयता प्राप्त भएको छ ।

क) प्राप्त सूचना र तथ्याङ्कलाई प्रशोधन गरी विश्लेषण गर्न सहयोग पुगेको छ ।

ख) निर्माणात्मक मूल्याङ्कनका साधनको प्रयोगबाट शैक्षिक उपलब्धिमा सुधार ल्याउन मद्दत पुगेको छ ।

ग) निरन्तर मूल्याङ्कन पद्धतिलाई पनि शैक्षिक उपलब्धिमा सुधार ल्याउने प्रभावकारी माध्यमको रुपमा लिन सकिने कुरामा सहयोग पुगेको छ ।

# परिच्छेद तीन

## अध्ययन विधि

यस अध्ययन पूर्णरुपमा गुणात्मक ढाँचामा रहेर गरिएको  छ । जनसंख्याको छनोट, तथ्याङ्क संकलन र विश्लेषण समेत गरिनेछ । उद्देश्यहरु प्राप्तिका लागि गुणात्मक रुपमा वर्णनात्मक विधि अपनाइनेछ र आवश्यक तथ्याङ्क संकलनका लागि प्रश्नावली र समूह छलफल गरी आवश्यक जानकारी गरी गुणात्मक रुपमा वर्णनात्मक तरिकाले व्याख्या विश्लेषण गरिने छ ।

### ३.१ अनुसन्धानको ढाँचा

कुनै पनि अध्ययन अनुसन्धानलाई विश्वसनीय, वस्तुगत र परिणाममुखी बनाउन विभिन्न तथ्याङ्कहरुको अनिवार्यता हुन्छ । ती स्रोतहरु खोज्ने क्रममा उद्देश्य उन्मुख विधिको प्रायेग गरी अध्ययनको रुपमा रहेका विद्यालयहरुमा गई विद्यार्थी, शिक्षक, प्र.अ. र वि.व्य.स. का पदाधिकारीहरुसँग प्रत्यक्ष प्रश्नावली र अन्तरक्रियाको प्रयोग गरिनेछ । यो अनुसन्धान गुणात्मक वा वर्णनात्मक प्रकृतिको हुनेछ ।

अध्ययनको उद्देश्यहरुलाई पूरा गर्न प्रश्नावली, अवलोकन फारम, लक्षित समूह छलफल जस्ता साधनहरुको प्रयोग गरी प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स.का पदाधिकारीहरुलाई उत्तरदाताका रुपमा समेटिएको छ, जुन तल तालिकामा देखाइएको छ ।

**तालिका नं. १ : उत्तरदाताहरु**

| क्र.सं. | उद्देश्य | साधन | उत्तरदाता |
|---|---|---|---|
| १. | निर्माणात्मक मूल्याङ्कनको प्रयोगको अवस्था पहिचान गर्ने । | प्रश्नावली र अवलोकन फारम | प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. पदाधिकारी, विद्यार्थी मूल्याङ्कन रजिष्टर |
| २. | निर्माणात्मक मूल्याङ्कनले शैक्षिक उपलब्धिमा पार्ने प्रभावको विश्लेषण गर्ने । | प्रश्नावली लक्षित समूह छलफल | प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. पदाधिकारी |
| ३. | निर्माणात्मक मूल्याङ्कन प्रक्रियामा देखिएका समस्याहरु पहिचान गरी उपायहरु सुझाउने | प्रश्नावली लक्षित समूह छलफल | प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. पदाधिकारी |

यस तालिका अध्ययनमा परेका ३ विद्यालयहरुका शिक्षक, विद्यार्थी, प्र.अ., र

विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग प्रत्यक्ष रुपमा प्रश्नावली, अवलोकन फारम र लक्षित समूह छलफलको माध्यमबाट विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कनको अवस्था, शैक्षिक उपलब्धि र देखा परेका समस्याहरु पहिचान गरी समाधानका उपायहरु जस्ता विषयलाई नमूनाको रुपमा तालिका १ मा छनोट गरिनेछ ।

## ३.२ जनसंख्या नमूनाको आकार र नमूना छनोट प्रक्रिया

अनुसन्धानको लागि निश्चित जनसंख्यालाई आधार मानेर प्राप्त सूचनाको आधारमा निष्कर्ष वा नतिजा निकालिने छ । अध्ययन कार्यमा चितवन जिल्लाको पिठूवा स्रोतकेन्द्र अन्तर्गतको चैनपुर गा.वि.स. भित्रका विद्यालयहरु, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, वि.नि., स्रोत व्यक्ति, वि.व्य.स. का पदाधिकारीहरुलाई यस अध्ययनको जनसंख्यामा छनोट गरी ती विद्यालयमा निर्माणात्मक मूल्याङ्कनको अध्ययन गरिएको जनसंखया नमूनालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.२ : जनसंख्या नमूना**

| क्र. सं. | विवरण | जम्मा जनसंख्या | छनौट नमूना | छनौट प्रक्रिया |
|---|---|---|---|---|
| १ | विद्यालय | १३ | ३ | छनौट गरिएका गा.वि.स.का सम्भावनायुक्त विद्यालय |
| २ | प्र.अ. | १३ | ३ | छनौट गरिएका विद्यालयका संभावनायुक्त प्र.अ. |
| ३ | सम्बन्धित क्षेत्रका वि.नि. | १ | १ | छनौट गरिएका निरीक्षण क्षेत्रका सम्भावनायुक्त वि.नि. |
| ४ | सम्बन्धित क्षेत्रका स्रोत व्यक्ति | १ | १ | छनौट गरिएका निरीक्षण क्षेत्रका सम्भावनायुक्त स्रोत व्यक्ति |
| ५ | शिक्षक | ५७ | ६ | छनौट गरिएका विद्यालयका तह अनुसार गोला प्रथाद्वारा छनौट गरिएका शिक्षक |
| ६ | व्यवस्थापन समितिका पदाधिकारी | ३३ | ३ | छनौटमा परेका विद्यालयका व्यवस्थापन समितिका सम्भावनायुक्त पदाधिकारी |
| ७ | विद्यार्थी | १८५५ | ५० | कक्षा १० र ५ मा अध्ययनरत सम्भावनायुक्त छात्र र छात्रा |

यस तालिकामा पिठूवा स्रोत केन्द्र भित्रका ३१ विद्यालयहरु र चैनपुर गा.वि.स.भित्रका १३ मध्ये ३ वटा विद्यालयहरु, छनौटमा परेका विद्यालयहरुका ५७ शिक्षकहरु मध्ये ६ जना शिक्षकहरु, छनौटमा परेका विद्यालयहरुका लगभग १८५५ विद्यार्थीहरु मध्ये ५० जना, छनौटमा परेका विद्यालयहरुका ३३ वि.व्य.स. का पदाधिकारीहरु मध्ये ३ जना, पिठूवा स्रोतकेन्द्र भित्रका ३१ र चैनपुर गा.वि.स. भित्रका १३ प्र.अ.हरु मध्ये ३ जना प्रअ.हरु जिल्ला भित्रका १३ स्रोतव्यक्तिहरु र यस क्षेत्रको १ मध्ये १ जना स्रोत व्यक्ति, जिल्ला भित्रका ७ वि.नि. मध्ये यस क्षेत्रको १ जना वि.नि. लाई नमूनाको रुपमा छनौट गरिएको छ ।

## ३.३ तथ्याङ्कका स्रोतहरु

यस अध्ययन एवं अनुसन्धानमा प्राथमिक स्रोत तथा द्वितीय गरी २ वटा स्रोतलाई अवलम्बन गरिनेछ ।

### ३.३.१ प्राथमिक स्रोत :

प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गर्न छनोट गरिएका विद्यालयका शिक्षक, प्र.अ., विद्यार्थी र वि.व्य.स. का पदाधिकारीका लागि अर्न्तवार्ता, समूह छलफल, प्रश्नावली, कक्षा अवलोकन र स्थलगत परीक्षणहरुलाई तथ्याङ्क संकलन प्रक्रियाको प्राथमिक स्रोतका रुपमा प्रयोगमा ल्याइएको छ ।

### ३.३.२ द्वितीय स्रोत

द्वितीय स्रोत अन्तर्गत विद्यालयको अभिलेख,  दस्ताबेज, पाठ्यपुस्तक, शोधपत्रहरुबाट प्राप्त जानकारीहरुलाई अध्ययन गरी तथ्याङ्क सङ्कलन आदिबाट आवश्यक जानकारी लिइएको छ ।

## ३.४ अध्ययन साधनको निर्माण र वैधता

यस अध्ययनका लागि निर्दिष्ट गरिएका उद्देश्यहरु पुरा गर्नको निम्ति निम्नलिखित साधनहरुको विकास गरी उपयोगमा ल्याइने छ ।

क) **खुल्ला/बन्द प्रश्नावली** :

यस अध्ययनका लागि नमूना छनोटमा परेको विद्यालयहरुमा प्र.अ., वि.व्य.स.का पदाधिकारीहरु र विद्यार्थीहरुको धारणा बुझ्नका लागि खुल्ला तथा बन्द प्रश्नवालीहरु प्रयोग गरिने छ। जसलाई अनुसूची १, २, ३ ४ र ५ मा प्रस्तुत गरिएको छ।

ख) **अन्तर्वाता प्रश्नावली:** यस अध्ययनलाई पूर्णता प्रदान गर्नको लागि छनोटमा परेका विद्यालयहरु विद्यार्थी, प्र.अ., वि.व्य.स.का पदाधिकारी र शिक्षक निर्धारित उद्देश्य बुझ्न अन्तर्वाता, प्रश्नावली अनसूचि १, २, ३, ४, ५ ो प्रयोग गरिएको छ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

तथ्याङ्क संकलन गर्न विभिन्न साधन तथा उपकरणको निर्माण गरिने र सो साधन तथा उपकरणको प्रयोग गर्न सम्बन्धित स्थानमा अनुसन्धानकर्ता आफै गइ तथ्यहरु परिमाणात्मक र गुणात्मक दुवै तथ्याङ्क प्रयोग गरी तथ्याङ्क संकलन गरिनेछ।

तथ्याङ्क संकलनका क्रममा विद्यालयमा गई विद्यार्थीहरुको कक्षागत संख्या विवरण, कक्षा दोहोऱ्याउने दर, गृहकार्य गर्ने दर, परीक्षामा उपस्थिति संख्या, उत्तीर्ण दर, भर्नादर विषयगत औषत र प्राप्ताङ्कलाई मध्यनजर राखि तथ्याङ्क संकलन गरिने छ। तथ्याङ्क संकलनका लागि विद्यार्थीहरु, प्र.अ., वि.व्य.स. पदाधिकारीहरुलाई अलग-अलग प्रश्नावली तयार पारेर प्रश्न सोधिने छ। छनौटमा परेका विद्यालयहरुमा अनुसन्धानकर्ता स्वयं उपस्थिति भई अनुसुची अनुसार तयार गरिएका प्रश्नावलीका आधारमा उत्तरहरु भराइ प्राथमिक तथ्याङ्क संकलन गरिने छ साथै असंरचित अन्तर्वाताको प्रयोगद्वारा निर्माणात्मक मूल्याङ्कन प्रक्रियाले शैक्षिक उपलब्धिमा पारेको प्रभाव सम्बन्धी तथ्याङ्क संकलन गरिनेछ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण :

प्रस्तुत समस्याको बारेमा खोज अनुसन्धानको लागि संकलन गरिएको तथ्याङ्कमध्ये कतिपय अव्यवहारिक, अनावश्यक, अस्पष्ट पनि हुन सक्छन् तसर्थ यसरी संकलन गरीएका तथ्याङ्कलाई विभिन्न किसिमबाट प्रस्तुत गरी व्याख्या विश्लेषण गर्नुपर्ने हुन्छ। प्राप्त तथ्याङ्कहरु प्रशोधन तथा परिमार्जन गरेर स्पष्ट, अर्थपूर्ण र व्यवहारिक

बनाइने छ । कुन उद्देश्य प्राप्तिका लागि अध्ययन गरिएको छ, अध्ययनको प्राप्ती कस्तो रह्यो, प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त नतिजा सही रुपमा बनाउन सके वा सकेनन् भन्ने कुराहरुको विशेष अध्ययन समेत गरिनेछ । तथ्याङ्कलाई गुणात्मक पक्षमा विश्लेषण गरी उद्देश्यउन्मुख बनाउने अभिप्रायले विद्यालय, समुदाय आदिबाट संकलन गरिएका तथ्यहरुलाई स्पष्टसँग विश्लेषण गरी निष्कर्षमा पुग्ने कार्य गरिनेछ ।

# परिच्छेद - चार

## नतिजाको व्याख्या र विश्लेषण

चितवन जिल्लाको चैनपुर गा.वि.स. भित्रबाट नमूना छनौटको रुपमा छानिएका विद्यालयहरुको निर्माणात्मक मूल्याङ्कनले शैक्षिक उपलब्धिमा पार्ने प्रभावमा आधारित रही गरिएको यस शोध कार्यको तथ्याङ्कहरुको व्याख्या तथा विश्लेषण गर्ने कार्य यस परिच्छेदमा गरिएको छ ।

### ४.१ विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कनको अवस्था :

शिक्षा योजना सफल पार्नको लागि शैक्षिक प्रक्रियामा आन्तरिक रुपबाट गरिने मूल्याङ्कन नै निर्माणात्मक मूल्याङ्कन हो । यसको मुख्य उद्देश्य शिक्षण सिकाइमा सुधार ल्याउनु हो । त्यसैले यसमा उत्तीर्ण, अनुत्तीर्ण, श्रेणी आदि छुट्याउनु पर्दैन । कक्षाकार्य, गृहकार्य, हाजिरीजवाफ, एकाइ परीक्षा, निरीक्षण, अवलोकन, निरन्तर मूल्याङ्कन आदि यस खाले मूल्याङ्कनका साधानहरु हुन् । यसले कक्षा सञ्चालन भइरहेको बेला के कस्ता कमि कमजोरी छन् ती कमजोरी हटाउने उपाय समेत देखाउने हुनाले यसलाई रचनात्मक मूल्याङ्कन पनि भनिन्छ । शैक्षिक योजनामा यस किसिमको मूल्याङ्कन आवश्यक रहेको अध्ययनबाट प्राप्त भएको छ । शिक्षणसिकाइको क्रममा विद्यार्थीको कमजोरी वा आवश्यकता पत्ता लगाइ कार्यक्रम चालु रहेकै अवस्थामा पठनपाठनमा सुधार ल्याउने प्रयास यस खालको मूल्याङ्कनले गर्दछ । विद्यार्थी वा शैक्षिक कार्यक्रमका दुर्वल पक्षहरु पत्ता लगाइ बेलैमा सुधार गरी समय र लगानीको नोक्सानी रोक्ने हुनाले यसको अत्यावश्यक रहेको पाइन्छ । नेपालका विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कनका साधनहरुमा कक्षाकार्य, गृहकार्य, एकाइ परीक्षा, त्रैमासिक परीक्षा, हाजिरीजवाफ, अवलोकन, निरन्तर मूल्याङ्कन, परियोजना कार्य आदि पर्दछन्, जसले शिक्षण सिकाइ परिस्थितिमा सुधार ल्याउने, विद्यार्थीका कमी कमजोरी थाहा पाउने, तुरुन्तै पृष्ठपोषण प्रदान गर्ने, शिक्षण विधि र सामग्रीमा सुधार गर्ने, विद्यार्थीको प्रगतिको निरन्तर लेखाजोखा गर्ने, विद्यार्थीमा सिकाइ उत्प्रेरणा जगाउने जस्ता कार्यहरु गर्दछन् । जसले गर्दा अध्ययन गरिएका विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कनका साधन तथा औजारहरुको प्रयोगको अवस्थालाई तल तालिकामा देखाइएको छ ।

**तालिका नं. ३**

**विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कनको अवस्था**

| निर्माणात्मक मूल्याङ्कनका साधन तथा औजारहरु | कंकाली मा.वि साधन प्रयोगको अवस्था | | | जन जीवन उ.मा.वि. साधन प्रयोगको अवस्था | | | जनएकता मा.वि. साधन प्रयोगको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उत्तम | मध्यम | न्यून | उत्तम | मध्यम | न्यून | उत्तम | मध्यम | न्यून |
| कक्षाकार्य | √ | | | √ | | | | √ | |
| गृहकार्य | √ | | | √ | | | | √ | |
| एकाइ परीक्षा | | √ | | | √ | | | | √ |
| मासिक परीक्षा | | | √ | | | √ | | | √ |
| त्रैमासिक र अर्धवार्षिक परीक्षा | √ | | | √ | | | √ | | |
| हाजिरीजवाफ | | √ | | | √ | | | √ | |
| अवलोकन | | √ | | | √ | | | | √ |
| परियोजना कार्य | | √ | | | √ | | | | √ |
| वैयक्तिक परीक्षण | | √ | | | √ | | | √ | |
| निरन्तर मूल्याङ्कन | | √ | | | √ | | | √ | |

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने अध्ययन गरिएका तीनवटा विद्यालयहरु मध्ये जन जीवन उ.मा.वि. र कंकाली मा.वि.मा. निर्माणात्मक मूल्याङ्कनका साधन तथा औजारहरुको प्रयोग राम्रो रहेको पाइयो भने जनएकता मा.वि.मा निर्माणात्मक मूल्याङ्कनका साधनहरुको प्रयोग अवस्था कम अर्थात न्यूत भएको पाइयो । जनएकता मा.वि. मा निर्माणात्मक मूल्याङ्कनका साधनहरुको प्रयोगको अवस्था कम हुनुको कारण भनेको विद्यार्थी संख्याको आधारमा शिक्षक अनुपात कम हुनु, शिक्षकहरुको कार्यभार बढी हुनु, तालिम प्राप्त शिक्षकको कमी हुनु राम्रो अध्यापन गराउने शिक्षकहरुलाई पुरस्कार र नराम्रो गर्ने शिक्षकलाई दण्डको व्यवस्था नहुनु, शिक्षकहरुमा विषयवस्तुको ज्ञानमा कमि हुनु जस्ता कुराहरुले गर्दा जनएकता मा.वि.मा निर्माणात्मक मुल्याङ्कनका साधनहरुको प्रयोग गर्न कठिनाई भएकाले गर्दा

प्रयोगको अवस्था कमजोर वा न्यून रहेको पाइयो । त्यसैगरी जनजीवन उ.मा.वि. र कंकाली मा.वि.मा शिक्षक विद्यार्थी अनुपात, शिक्षकको कार्यभार, शिक्षकलाई राम्रो अध्ययन अध्यापन गरेको खण्डमा पुरस्कारको व्यवस्था आदि कार्यहरु उपयुक्त भएकोले गर्दा शिक्षकहरुले निरन्तर रुपमा निर्माणात्मक मूल्याङ्कनका साधनहरु प्रयोग गरिएको पाइयो । त्यसैले जनजीवन उ.मा.वि. र कंकाली मा.वि.का वार्षिक शैक्षिक नतिजा पनि राम्रो भएको पाइयो । त्यसैले यस अध्ययनबाट प्राप्त तथ्यहरुका आधारमा यो भन्न सकिन्छ कि विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कनको प्रयोग निरन्तर रुपमा गरिएको खण्डमा विद्यालयको वार्षिक नतिजा र गुणस्तरमा वृद्धि हुने भएकोले विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कन बढी प्रभावकारी भएको पाइन्छ । साथै अध्ययन गरिएका विद्यालयहरुका विगत तीन वर्षको नतिजालाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका नं. ४ : कंकाली मा.वि.**

**निर्माणात्मक मूल्याङ्कनका लागि विविध साधनको राम्रो प्रयोग गर्ने विद्यालयको नतिजा**

| साल | कक्षा | जम्मा विद्यार्थी संख्या | जम्मा उत्तीर्ण संख्या | प्रतिशत |
|---|---|---|---|---|
| २०६७ | ५ | ४८ | ४६ | ९५.८३ |
| | १० | ४० | ३५ | ८७.५ |
| २०६८ | ५ | ३९ | ३५ | ८९.७४ |
| | १० | ३३ | ३० | ९०.९० |
| २०६९ | ५ | ३० | ३० | १०० |
| | १० | ४५ | ४५ | १०० |

स्रोत : विद्यालय मूल्याङ्कन अभिलेख

**तालिका नं. ५ :जनजीवन उच्च मा.वि.**

**निर्माणात्मक मूल्याङ्कनका लागि विविध साधनको राम्रो प्रयोग गर्ने विद्यालयको नतिजा**

| साल | कक्षा | जम्मा विद्यार्थी संख्या | जम्मा उत्तीर्ण संख्या | प्रतिशत |
|---|---|---|---|---|
| २०६७ | ५ | ३० | ३० | १०० |
| | १० | ३५ | ३० | ८५.७१ |
| २०६८ | ५ | २५ | २४ | ९६ |
| | १० | २२ | २० | ९०.९० |
| २०६९ | ५ | २८ | २६ | ९२.८५ |
| | १० | ३९ | ३९ | १०० |

स्रोत : विद्यालय मूल्याङ्कन अभिलेख

**तालिका नं. ६ : जनएकता मा.वि.**

**निर्माणात्मक मूल्याङ्कनका लागि विविध साधनको कम प्रयोग गर्ने विद्यालयको नतिजा**

| साल | कक्षा | जम्मा विद्यार्थी संख्या | जम्मा उत्तीर्ण संख्या | प्रतिशत |
|---|---|---|---|---|
| २०६७ | ५ | ५६ | ३९ | ६९.६४ |
| | १० | ९३ | ५३ | ५६.९८ |
| २०६८ | ५ | ५१ | ४० | ७८.४३ |
| | १० | ८० | ४१ | ५१.२५ |
| २०६९ | ५ | ४५ | ३७ | ८२.२२ |
| | १० | ६८ | ४८ | ७०.५८ |

स्रोत : विद्यालय मूल्याङ्कन अभिलेख

माथिको तालिका ४, ५ र ६ को अध्ययनबाट के स्पष्ट हुन्छ भने निरन्तर रुपमा निर्माणात्मक मूल्याङ्कनको प्रयोग कम गर्ने जनएकता मा.वि. को नतिजा भन्दा निरन्तर रुपमा निर्माणात्मक मूल्याङ्कनको राम्रो प्रयोग गर्ने जनजीवन उ.मा.वि. र

कंकाली मा.वि.को नतिजा धेरै राम्रो भएको देखिएको छ । त्यसैले विद्यालयहरुमा निरन्तर रुपमा निर्माणात्मक मूल्याङ्कनको राम्रो प्रयोग गरिएको खण्डमा विद्यालयको वार्षिक शैक्षिक उपलब्धि दर र गुणस्तरमा सुधार आउने गर्दछ । जनजीवन उ.मा.वि. र कंकाली मा.वि.मा निर्माणात्मक मूल्याङ्कनका साधन तथा औजारहरु जस्तै : कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, निरन्तर मूल्याङ्कनका, एकाइ र मासिक परीक्षा, हाजिरजवाफ, त्रैमासिक र अर्धवार्षिक परीक्षा, वैयक्तिक परीक्षण आदि निरन्तर रुपमा प्रयोग गरी विद्यार्थीहरुका कमीकमजोरी पत्ता लगाइ समयमै पृष्ठपोषण प्रदान गरी कमजोरीहरुमा सुधार गरिएकोले कक्षागत रुपमा विद्यालयको वार्षिक नतिजा राम्रो रहेको माथिको तालिकाबाट प्रष्ट हुन्छ । त्यसैगरी जनएकता मा.वि.मा विद्यालयको विविध समस्याका कारणहरुले गर्दा निर्माणात्मक मूल्याङ्कनको निरन्तर रुपमा प्रयोृग गरी विद्यार्थीहरुको कमजोरी पत्ता लगाइ पृष्ठपोषण प्रदान गर्न नसकिएका कारणले गर्दा जनजीवन उ.मा.वि. र कंकाली मा.वि.को तुलनामा कक्षागत रुपमा वार्षिक नतिजा कम भएको पाइयो । त्यसैले शैक्षिक क्षेत्रमा निर्माणात्मक मूल्याङ्कन बढी प्रभावकारी भएको पाइन्छ ।

## ४.२ निर्माणात्मक मूल्याङ्कन पद्धतिका तत्वहरु

### क) विद्यालयको वातावरण :

विद्यालय ज्ञान आर्जन गर्ने थलो हो । जहाँ विद्यार्थीलाई सिकुँ सिकुँ लागोस् । विद्यालयको भौतिक वातावरण लगायत शैक्षिक वातावरण उपयुक्त भएमा मात्र लक्षित उद्देश्यहरु प्राप्त गर्न सकिन्छ । प्र.अ. विद्यालयको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने नेता हुन् । शिक्षक र प्र.अ. को समन्वयात्मक सहभागिताबाट उपलब्ध न्यून स्रोत र साधनको उपयोग गरी उपयुक्त शैक्षिक वातावरण सिर्जना गर्नु पर्दछ । उपयुक्त शैक्षिक वातावरण सिर्जना गर्न सकिएमा मात्र निर्माणात्मक मूल्याङ्कन कार्यान्वयन कार्य प्रभावकारी हुन्छ । अध्ययन गरिएका तीनवटै विद्यालयहरुमा भौतिक, आर्थिक, शैक्षिक वातावरण त्यति उपयुक्त नभएका कारणले गर्दा पनि निर्माणात्मक मूल्याङ्कनको प्रयोग गर्न कठिनाइहरु सिर्जना हुनुको साथै विद्यालयको बाह्य वातावरण पनि उपयुक्त नभएको पाइयो जसले गर्दा निर्माणत्मक मूल्याङ्कनमा प्रत्यक्ष असर परेको पाइयो ।

**ख) शिक्षक विद्यार्थी अनुपातः**

**तालिका नं.७ : शिक्षक विद्यार्थी अनुपात (२०६९)**

| **विद्यालयको नाम** | **कक्षा** | **शिक्षक विद्यार्थी अनुपात** |
|---|---|---|
| कंकाली मा.वि. | ५ | १:४० |
| | १० | १:४६ |
| जनजीवन उ.मा.वि. | ५ | १:४२ |
| | १० | १:४४ |
| जनएकता मा.वि. | ५ | १:५५ |
| | १० | १:६२ |

अध्ययन गरिएका विद्यालयहरु मध्ये कंकाली मा.वि. र जनजीवन उ.मा.वि. का कक्षा ५ र १० का शिक्षक विद्यार्थी अनुपात क्रमशः १:४०, १:४६ र १:४२, १:४४ रहेको पाइयो । त्यसैगरी जनएकता मा.वि. का कक्षा ५ र १० शिक्षक विद्यार्थी अनुपात क्रमशः १:५५ र १:६२ रहेको पाइयो । विद्यार्थीको चाप बढी रहेको र शिक्षक संख्यामा कमि भएकोले जनएकता मा.वि. मा विद्यार्थीको भावनालाई बुझेर त्यसै अनुसारका निर्माणात्मक मूल्याङ्कनका साधनहरुको निरन्तर रुपमा प्रयोग गर्न नसकिएका कारणले गर्दा जनजीवन उ.मा.वि. र कंकाली मा.वि.को तुलनामा विद्यालयको वार्षिक नतिजा कम भएको पाइयो । जनजीवन उ.मा.वि. र कंकाली मा.वि. मा भने विद्यार्थी संख्या अनुसार शिक्षक संख्या पर्याप्त रहेकोले गर्दा ति विद्यालयहरुमा विद्यार्थीको भावनालाई नजिकबाट बुझेर सोही अनुसारका शिक्षण क्रियाकलाप अपनाइ निरन्तर रुपमा निर्माणात्मक मूल्याङ्कनका साधनहरुको प्रयोग गर्ने र पृष्ठपोषण प्रदान गर्ने हुनाले विद्यालयको वार्षिक नतिजा राम्रो भएको पाइयो । त्यसैले निर्माणात्मक मूल्याङ्कनलाई शैक्षिक क्षेत्रमा निरन्तर रुपमा प्रयोग गरिएमा विद्यालयको शैक्षिक उपलब्धि गुणस्तर उच्च रहने र विद्यार्थीहरुमा पनि सिकाइमा उत्प्रेरणा बढ्नुको साथै मानसिक क्षमतामा वृद्धि हुने गर्दछ भन्ने कुरा यस अध्ययनबाट प्राप्त भएको छ ।

### ग)  तालिम प्राप्त शिक्षकको अवस्था :

अध्ययन गरिएका विद्यालयहरुमा जनजीवन उच्च मा.वि. र कंकाली मा. वि.मा क्रमशः २१ र १९ शिक्षकहरु मध्ये सबै शिक्षकहरु तालिम प्राप्त रहेको पाइयो भने जनएकता मा.वि.का १७ शिक्षकहरु मध्ये ९ जना शिक्षकहरु मात्र तालिम प्राप्त रहेको पाइयो । उपरोक्त दुई विद्यालयहरुमा सबै शिक्षक तालिम प्राप्त भएतापनि प्राप्त ज्ञान र सीपलाई समय सान्दर्भिक र अध्यावधिक राख्नका लागि पुनर्ताजगी तालिम लिने र विषयगत समिति गठन गरी परेका समस्या उपर छलफल गर्ने गरेको पाइएन जसले गर्दा ती दुई विद्यालयहरुमा शैक्षिक उपलब्धि प्रभावकारी हुन नसकेको भेटियो । त्यसैले यसको प्रमुख कारण भनेको शिक्षकहरुमा जोश, जाँगर, क्षमता जस्ता कुराहरुको साथै निरन्तर रुपमा निर्माणात्मक मूल्याङ्कन पद्धतिको प्रयोग गरेको खण्डमा विद्यालयको शैक्षिक उपलब्धि प्रभावकारी हुने कुरा प्राप्त भएको पाइयो ।

### घ)  विद्यार्थी शिक्षकको उपस्थिति :

**तालिका नं. ८ : शिक्षक विद्यार्थीको उपस्थिति**

| साल | विद्यालयको नाम | विद्यालय सञ्चालन भए को दिन | शिक्षक उपस्थिति दिन | विद्यार्थी उपस्थिति दिन |
|---|---|---|---|---|
| २०६९ | जनजीवन उ.मा.वि. | २१० | १९८ | १९० |
| २०६९ | जन एकता मा.वि. | २१५ | २०० | १८८ |
| २०६९ | कंकाली मा.वि. | २०० | १९० | १८० |

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने जनजीवन उ.मा.वि. र कंकाली मा.वि.मा क्रमशः २१० र २०० दिन विद्यालय सञ्चालन हुँदा शिक्षक र विद्यार्थी उपस्थिति दिन क्रमशः १९८ र १९०, १९० र १८० रहेको पाइयो भने जनएकता मा.वि.मा विद्यालय सञ्चालन दिन २१५ र शिक्षक विद्यार्थी उपस्थिति दिन क्रमशः २००, १८८ रहेको पाइयो । यसरी अध्ययन गरिएका तीनवटै विद्यालयहरुमा विद्यालय सञ्चालन दिनलाई हेरेर शिक्षक र विद्यार्थी उपस्थिति राम्रो भएको पाइयो । यस अध्ययनबाट के बुझ्न सकिन्छ भने निरन्तर रुपमा निर्माणात्मक मूल्याङ्कनको प्रयोग

गर्नका लागि विद्यालयको वातावरण, भौतिक अवस्था, आर्थिक अवस्था, शिक्षक विद्यार्थी अनुपात, तालिम प्राप्त शिक्षक, शिक्षकको कार्यभार, पुरस्कार र दण्डको व्यवस्था, शिक्षण सामग्री, पाठ्यपुस्तक, विज्ञान प्रयोगशाला आदि कुराहरु पर्याप्त मात्रामा उपलब्ध गराउन सकिएको खण्डमा शिक्षक र विद्यार्थी नियमित रुपमा विद्यालय आउने गर्दछन् र निर्माणात्मक मूल्याङ्कनको प्रयोग गर्न सहज वातावरण सिर्जना हुने गर्दछ । जसले गर्दा निर्माणात्मक मूल्याङ्कनको निरन्तर प्रयोग गरि विद्यालयको शैक्षिक उपलब्धि वृद्धि गराउन सकिन्छ ।

### ङ) शिक्षकको कार्यभार

अध्ययन गरिएका विद्यालयहरुमा जनजीवन उ.मा.वि., कंकाली मा.वि. र जनएकता मा.वि.का शिक्षकहरुको कार्यभार क्रमशः साप्ताहिक ३२, ३० र ३४ रहेको पाइयो । शिक्षकको साप्ताहिक कार्यभार कम भएका कारणले गर्दा पनि जनजीवन उ.मा.वि. र कंकाली मा.वि.मा निरन्तर रुपमा निर्माणात्मक मूल्याङ्कनका विविध साधनहरुको राम्रो प्रयोग गर्दै आएका हुनाले यी दुवै विद्यालयको नतिजा राम्रो भएको पाइयो भने जनएकता मा.वि.मा शिक्षकको कार्यभार बढी भएको कारणले गर्दा शिक्षक थकित हुने जसले गर्दा कक्षाकार्य, गृहकार्य, मासिक र एकाइ परीक्षा जस्ता निर्माणात्मक मूल्याङ्कनका साधनहरुको निरन्तर रुपमा प्रयोग गर्न र पृष्ठपोषण प्रदान गर्न नसकेका कारण यस विद्यालयको शैक्षिक नतिजा अन्य दुई विद्यालयको भन्दा कम रहेको पाइयो । त्यसैले निरन्तर रुपमा निर्माणात्मक मूल्याङ्कनको साधनहरुको प्रयोग गर्न सकिएको खण्डमा विद्यार्थीको शैक्षिक प्रगतिमा विकास हुने र विद्यालयको शैक्षिक नतिजा पनि प्रभावकारी बन्ने र निरन्तर रुपमा निर्माणात्मक मूल्याङ्कनको प्रयोग गर्न नसकिएमा शैक्षिक उपलब्धि प्रभावकारी हुन नसक्ने तथ्य अध्ययनबाट प्राप्त भएको छ ।

### च) विद्यालयको आर्थिक अवस्था :

अध्ययन गरिएका तीनवटा विद्यालय मध्ये जनएकता मा.वि. र कंकाली मा.वि.मा पक्की भवन, विद्यालय कम्पाउण्ड, पुस्तकालयको व्यवस्था, खानेपानी, विज्ञान प्रयोगशाला, शौचालय, सरसफाइ र फोहोर व्यवस्थापन, विद्यालयको आर्थिक

अवस्था सवल, निजीस्रोतमा राखिएका शिक्षकहरुलाई पनि अन्य शिक्षक सरह सेवा, सुविधाको व्यवस्था, आवश्यक शैक्षिक सामग्री आदि पर्याप्त भएको पाइयो भने जनजीवन उ.मा.वि.मा पक्की भवन भएता पनि विद्यालयमा कम्पाउण्डको राम्रो व्यवस्था नभएको, विद्यार्थी संख्या अनुसार भौतिक सुविधामा कमि रहेको, शैक्षिक सामग्री पर्याप्त नभएका, अन्य शिक्षक सरह निजी स्रोतमा राखिएका शिक्षकहरुको सेवा सुविधा उपयुक्त नभएको देखियो । यस विद्यालयमा यी माथिका सबै कुराहरु हुनुका प्रमुख कारण भनेको विद्यालयको आर्थिक अवस्था कमजोर हुनु हो । जसले गर्दा विद्यालयमा विविध समस्याहरु सिर्जना हुने गरेको पनि पाइयो तर यति हुँदा हुँदै पनि जनजीवन उ.मा.वि.का शिक्षकहरुले आफ्ना समस्याहरुलाई पछाडि राखेर निरन्तर रुपमा निर्माणात्मक मूल्याङ्कनका साधनहरुको राम्रो प्रयोग गरेका कारण विद्यालयको शैक्षिक उपलब्धि भने प्रभावकारी रहेको पाइयो । विद्यालयको आर्थिक अवस्था कमजोर र भौतिक सुविधा पर्याप्त नभएमा पनि निर्माणात्मक मूल्याङ्कनको प्रयोग गर्न सकिएमा शैक्षिक उपलब्धि प्रभावकारी बनाउन सकिने कुरा शिक्षकहरुसँग गरिएको समूह छलफलबाट प्राप्त भएको छ ।

**छ) पुरस्कार र दण्डको व्यवस्था :**

विद्यालयहरुमा हुने ठाडो राजनीतिक हस्तक्षेप तथा विद्यालयका कमजोर प्रशासनका कारणले गर्दा कर्मठ र लगनशील शिक्षकहरुको उचित मूल्याङ्कन हुन सकेको देखिदैन । निष्पक्षता र विना पूर्वाग्रह विद्यालयमा नियमित उपस्थित भई विद्यालयको नीति नियम अनुसार अध्ययन, अध्यापन गराउने असल शिक्षकलाई पुरस्कार र विद्यालयको नीतिनियम अनुसार अध्ययन, अध्यापन नगर्ने शिक्षकलाई दण्डको उचित व्यवस्था भएमा शिक्षकहरु आफ्नो कार्यप्रति प्रोत्साहित हुने र दायित्व बोध गर्ने देखिन्छ । यसरी शिक्षकहरु आफ्नो काम प्रति लगनशील भएमा निर्माणात्मक मूल्याङ्कन पद्धतिलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सकिन्छ । जसका कारण विद्यार्थी र विद्यालयको शैक्षिक गुणस्तर उच्च हुदै जाने कुरा प्रष्ट पार्न सकिन्छ ।

**ज ) स्रोत व्यक्ति/वि.नि.को भूमिका :**

श्रोत व्यक्तिले विद्यालयमा प्रत्यक्ष भेटघाट र अन्तरक्रिया गराउन नसकेको निरीक्षण

र सुझाव दिने नगरेको अध्ययनबाट प्राप्त भएको छ । श्रोत केन्द्रको श्रोत व्यक्तिले कार्यालय र विद्यालयहरुमा पुलको काम गर्नुपर्ने, विद्यालयमा प्रत्यक्ष भेटघाट निरीक्षण र सुझाव दिनुपर्ने पाइन्छ । आफ्नो श्रोत केन्द्रका विद्यालयहरुमा श्रोत व्यक्तिले आफ्नो दायित्व पूरा गर्नुपर्ने स्रोत व्यक्तिमा राजनीतिक हावि हुन नहुने स्रोत व्यक्ति चयनमा राजनीतिक नियुक्ती हुन नहुने र राजनीतिक नियुक्तीबाट आएका स्रोत व्यक्तिले उचित कार्य गर्न नसक्ने कुरा छनौटमा परेका विद्यालयका प्र.अ.हरुले बताउनु भयो, त्यस्तै स्रोत व्यक्तिले समयमा नै पाठ्यक्रमको उपलब्धता गराउनुपर्ने आफ्ना क्षेत्रका विद्यालयहरुमा परीक्षा पद्धतिमा सुधार गर्न सकेमा विद्यालयको शैक्षिक उपलब्धि अझै बढी हासिल गर्न सकिने देखिएको छ । स्रोत व्यक्ति वा विनिबाट नियमित रुपमा निरीक्षण अनुगमन र सुपरिवेक्षण हुन नसकेको कारणले गर्दा पनि निर्माणात्मक मूल्याङ्कन कार्यान्वयनमा समस्या परेको पाइयो । साथै अध्ययन गरिएका तीनवटै विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कन पद्धिका लागि नयाँ तरिकाबाट अध्ययन अध्यापन गराउने प्रयासहरु केहि पनि भएको पाइएन ।

### झ) जिल्ला शिक्षा कार्यालयको भूमिकाः

मूल्याङ्कन पद्धतिलाई कसरी व्यवस्थित बनाउने भन्ने मूल जिम्मेवारी जि.शि.का. को पनि हो । आफ्नो जिल्ला भित्रका प्रत्येक विद्यालयहरुमा अपेक्षित शैक्षिक उपलब्धि कसरी प्राप्त गर्न सकिन्छ, कुन-कुन मूल्याङ्कनका साधनको प्रयोग गर्ने हो भनी साझा कार्यक्रमको तय गर्ने काम जि.शि.का.को हुने गर्दछ । विद्यालयको नियमित निरीक्षण, शिक्षकहरुको तालिमको व्यवस्था, पाठ्यक्रम र पाठ्यपुस्तकको उपलब्धता, जिल्लामा शैक्षिक क्यालेण्डरको निर्माण गर्ने काम जि.शि.का.को हो । त्यस्तै जि.शि.का.ले आफ्नो जिल्ला भित्रका विद्यालयहरुको नतिजा विश्लेषण पनि गर्नु पर्दछ, जबकि विद्यालयमा राम्रो नतिजा आउनुको पछाडि किन, कसरी, कुन-कुन मूल्याङ्कनका साधनको प्रयोगबाट त्यो नतिजा निस्क्यो त्यसको प्रयोग अन्य क्षेत्रमा पनि गराउन सकिन्छ वा सकिदैन, प्रयोग गराउँदाका फाइदाहरु के-के हुन् ? सबैको विश्लेषण गर्नु पर्ने देखियो तर यस्ता कार्यहरुमा जि.शि.अ.को ध्यान नपुगेका अध्ययन गरिएको विद्यालयहरुबाट प्राप्त भएको छ ।

## ४.३ निर्माणात्मक मूल्याङ्कन पद्धतिका वर्तमान समस्याहरु :

विद्यालयको शैक्षिक उपलब्धि वा स्तरलाई विद्यार्थी मूल्याङ्कन प्रक्रियाले प्रभाव पार्दछ । विभिन्न तवरबाट विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । सबै ठाउँ र परिवेशमा एकै किसिमको मूल्याङ्कका साधनको प्रयोग गर्न सकिदैन । मूल्याङ्कन प्रक्रियाका लागि ठाउँ, परिवेश अनुसारका मूल्याङ्कनका साधनहरुले प्रभाव पार्दछ । वर्तमान मूल्याङ्कन प्रक्रियाका समस्याहरु निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### ४.३.१ परीक्षासँग सम्बन्धित समस्याहरुः

वर्तमान मूल्याङ्कन पद्धतिको मूल आधार परीक्षा प्रणालीमा आधारित पाउँदछौं । विद्यालयहरुमा अझै पनि पुरानै पद्धतिबाट शैक्षिक सत्रको अन्तमा परीक्षा लिने प्रचलन छ । परीक्षालाई नै मूल्याङ्कनको मूल आधार मानी विद्यार्थीको मूल्याङ्कन गर्दा विद्यार्थीको सबै पक्षको सही मूल्याङ्कन हुन नसकेको छनोटमा परेका विद्यालय प्रमुखको भनाइ रहेको छ । वार्षिक परीक्षालाई मात्र मूल आधार नमानी निर्माणात्मक मूल्याङ्कनका साधनलाई आधार मानी विद्यार्थी मूल्याङ्कन प्रक्रिया अपनाउन सकिएको खण्डमा विद्यालयको शैक्षिक नतिजा प्रभावकारी हुने अध्ययन गरिएका विद्यालयहरुका प्र.अ. तथा शिक्षकहरुको प्रतिक्रिया रहेको पाइयो ।

### ४.३.२ विद्यार्थीसँग सम्बन्धित समस्याहरु :

विद्यालयहरुमा पढाइको स्तर अभिवृद्धिका लागि विद्यार्थी, शिक्षक र अभिभावकको त्रिआयामिक सम्बन्ध कायम रहेमा गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने कुरामा शिक्षकहरुको एक मत रहेको छ । विद्यार्थीहरुमा पढाइ प्रति रुचि जाग्नु पर्ने, विद्यार्थी हरेक पक्षमा आफै सक्रिय हुनु पर्ने तर वर्तमान अवस्थामा विद्यार्थी सक्रिय हुने नगरेको, विद्यार्थीहरुमा पढाइ प्रति रुचि कम हुने गरेको, विद्यार्थीलाई राजनीतिले प्रत्यक्ष प्रभाव पार्ने गरेको, विद्यार्थीमा परीक्षा प्रतिको छुट प्रवृद्धिको विकास हुनु, नपढे पनि पास भइन्छ भन्ने धारणाको विकास हुनु जस्ता मूल्याङ्कन पद्धतिका समस्याहरु देखापरेको सम्बन्धित विद्यालयका प्र.अ. एवं शिक्षकहरुको प्रतिक्रिया रहेको छ । विद्यार्थीहरुमा पढाइ प्रतिको रुचि जगाउन नसकिएको, निरन्तर रुपमा निर्माणात्मक मूल्याङ्कन प्रक्रियाका साधनहरुको प्रयोग गरेर शिक्षण कार्य गर्न

नसकिएको विद्यार्थीहरुलाई राजनीतिबाट टाढा राख्न नसकिएको आदि विद्यालयका प्र.अ.ले बताउनु भयो ।

### ४.३.३ शिक्षकसँग सम्बन्धित समस्याहरु :

शिक्षक तालिम प्राप्त र सक्रिय हुनु पर्दछ तर विद्यालयमा अध्यापन गराउने शिक्षकहरु सबै तालिम प्राप्त छैनन । शिक्षकहरुमा अध्ययनशीलताको पाटो कम रहने गरेको, धेरै वर्ष सेवा गरिसकेको, पुराना शिक्षकहरु रहने गरेका , जसमा जोश र जाँगरको कमि रहेको, उनीहरु विद्यार्थीको स्तर कसरी माथि उकास्ने भन्दा पनि कसरी दिन बिताउने भन्ने हिसाबमा पुगेको, दैनिक रुपमा विद्यार्थीहरुको कक्षाकार्य, गृहकार्य जाँच्न नचाहनु वा जाँच्न नसक्नु, कक्षा परीक्षा, मासिक परीक्षा जस्ता निरन्तर मूल्याङ्कनका साधनहरुको प्रयोग गर्न नचाहनु, आफूले प्राप्त गरेका तालिमको पूर्ण प्रयोग नगर्नु, शिक्षकहरुमा खोज र पुनतार्जगी तालिमहरुको अभाव जस्ता कारणले निर्माणात्मक मूल्याङ्कन पद्धतिमा समस्या देखापर्ने गरेको तीनवटै विद्यालयका प्र.अ.को प्रतिक्रिया रहेको छ । यदि शिक्षकहरु अध्यनशील हुने, विभिन्न मूल्याङ्कनका साधनहरुको प्रयोग गर्न सक्ने, राजनीतिबाट टाढा रहने हो भने सजिलै अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न सकिने प्राप्त तथ्यले जनाएको छ । छनौटमा परेका विद्यालयहरुमा करिब ९२ प्रतिशत शिक्षकहरु तालिम प्राप्त छन् । तर ४० प्रतिशतले मात्र तालिमको उपयोग गर्ने गरेको प्र.अ. हरुको प्रतिक्रिया रहेको पाइयो । त्यसकारण यस्ता शिक्षकहरुलाई अनिवार्य पेनसनमा बस्ने नितिहरुको निर्माण भएमा, शिक्षकहरुको निरन्तर कक्षा अवलोकन र निरीक्षण प्र.अ.हरुबाट भएमा यस्ता समस्याहरु समाधान गर्न सकिने देखिन्छ ।

### ४.३.४ विद्यालयसँग सम्बन्धित समस्याहरु

कुनै पनि शैक्षिक कार्यक्रमको लागू गर्ने थलो नै विद्यालय हो । विद्यालयमा पढाइको लागि उचित वातावरण सिर्जना हुन सक्यो भने विद्यार्थीले सहि ज्ञान हासिल गर्न सक्दछन् तर विद्यालयमा काम गर्ने शिक्षक, प्रशासक र विद्यार्थीहरुले आफ्नो जिम्मेवारी निर्वाह गर्न सक्नु पर्दछ । विद्यालय स्वयं नै मूल्याङ्कन पद्धतिको समस्याको रुपमा रहेको वि.व्य.स. अध्यक्षले बताउनु भयो । विद्यालयहरुमा शिक्षक, दरबन्दी

कम हुनु, शिक्षकहरुको कार्यभार बढी हुनु, शिक्षकहरु बढी मात्रामा थकित हुनु, विद्यालय प्रशासनले शिक्षकहरु माथि निगरानी राख्न नसक्नु, विद्यार्थीहरु शिक्षकको नियन्त्रणमा हुन नसक्नु जस्ता कारणले मूल्याङ्कन पद्धतिमा समस्या देखा पर्ने गरेको उहाको धारणा छ । विद्यालयले शिक्षकहरुको कदर गर्न नसकेको विद्यालयमा राजनीतिको प्रत्यक्ष प्रभाव पर्ने गरेको, शिक्षकहरु चन्दा, आतंक, बन्द, हडताल जस्ता कुराले त्रसित भइ रहेका र उनीहरुमा काम गर्ने जोश र जाँगरको अभाव रहेको उहाँ स्वीकार्नु हुन्छ । त्यसैले माथिका सबै कुराहरुमा सुधार गर्न सकेमा विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न सकिने उहाँको धारणा रहेको छ ।

### ४.३.५ विद्यालय व्यवस्थापनसँग सम्बन्धित समस्याहरु :

विद्यालयहरुको शैक्षिक गुणस्तर विकास गर्नका लागि विद्यालयमा विद्यार्थीका लागि आवश्यक पाठ्यपुस्तक, शिक्षक निर्देशिका, शैक्षिक सामग्री, विद्यालयको भौतिक अवस्था, दक्ष र विषयगत शिक्षकको नियुक्ति, विद्यालयको वातावरण, शिक्षक विद्यार्थी अनुपात, तालिम प्राप्त शिक्षकको व्यवस्था, शिक्षक विद्यार्थी उपस्थिति दर, शिक्षकहरुको कार्यभार, विद्यालयमा आर्थिक स्रोतको व्यवस्था, शिक्षक, प्र.अ.को सेवा सुविधा, शिक्षक, वि.व्य.स., शि.अ.सं. र प्र.अ. विचको सम्बन्ध आदि कुराहरु विद्यालय व्यवस्थापनसँग सम्बन्धित हुने गर्दछ । माथि उल्लेखित समस्याहरुलाई समाधान गर्नका लागि वि.व्य.स. र प्र.अ. को प्रमुख भूमिका रहन्छ । यदि विद्यालयको व्यवस्थापनमा यस्ता समस्याहरु उत्पन्न भएमा विद्यालयको शैक्षिक गुणस्तर माथि उठन सक्दैन । अध्ययन गरिएका तीनवटै विद्यालयहरुको व्यवस्थापन पक्ष भने सन्तोष जनक भएको पाइयो । त्यसै कारणले गर्दा होला अध्ययन गरिएका तीनवटै विद्यालयहरुको शैक्षिक उपलब्धिलाई धेरै नराम्रो मान्न सकिदैन ।

### ४.३.६ विविध कारणहरु :

वर्तमान निर्माणात्मक मूल्याङ्कन प्रक्रियामा थुप्रै समस्याहरु रहेको पाउँदछौं । केही समस्याका बारेमा माथि उल्लेख गर्‍यौ भने केही समस्याहरु तल उल्लेख गरिएको छ :

क) कक्षाकोठामा विद्यार्थी संख्या धेरै भएकोले निर्माणात्मक मूल्याङ्कन गर्न कठिनाई परेको देखिन्छ ।

ख) शिक्षकको साप्ताहिक कार्यभार बढी भएकोले पनि शिक्षकले विद्यार्थी मूल्याङ्कनका विविध साधनहरुको प्रयोगमा कठिनाइ परेको देखिन्छ ।

ग) विद्यार्थीको शैक्षिक प्रगति विवरण समयमानै उपलब्ध गराउन सकेको देखिदैन ।

घ) शैक्षिक सामग्री तथा विज्ञान सामग्रीको उपलब्धता भएतापनि तालिमको अभावमा सही सदुपयोग हुन सकेको देखिदैन ।

ङ) कमजोर विद्यार्थीलाई अतिरिक्त कक्षा, कोचिङ्ग कक्षा, नियमित कक्षाकार्य, गृहकार्य आदिको व्यवस्था भएको पाइएन ।

च) विद्यार्थीको प्रगती विवरणमा अभिभावकको सुझाव र सल्लाहलाई कार्यान्वयन गराउन नसकेको जस्ता कारणले गर्दा वर्तमान मूल्याङ्कन प्रणालीमा विविध खालका समस्याहरु देखिएको पाइन्छ ।

छ) शिक्षकहरुमा नयाँ ढङ्गले मूल्याङ्कन सम्बन्धि ज्ञान र तालिमको अभाव हुनु ।

ज) व्यवहारिक भन्दा सैद्धान्तिक पक्षलाई बढी महत्व दिनु ।

झ) वार्षिक परीक्षालाई मात्र मूल्याङ्कनको मूल आधार मानिनु ।

ट) विद्यार्थीको शारीरिक अवस्था वा रोगको माध्यमले मूल्याङ्कनमा प्रभाव पर्ने ।

### ४.४ निर्माणात्मक मूल्याङ्कन पद्धतिमा देखिएका समस्या समाधानका उपायहरु :

शैक्षिक योजनाको कार्यान्वयनका क्रममा गरिने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । यस किसिमको मूल्याङ्कन शिक्षक-विद्यार्थीको आपसी सहमतिमा योजनाबद्ध वा कुनै पनि रुपमा हुन सक्दछ । शैक्षिक योजनामा देखा परेका गल्तीहरुलाई सुधारी योजना सफल बनाउनु यस मूल्याङ्कनको मूल उद्देश्य हो । विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कनमा देखा परेका समस्याहरु समाधानका उचित उपायहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

(क) निर्माणात्मक मूल्याङ्कनलाई प्रभावकारी बनाउन शिक्षक-विद्यार्थी अनुपात उपयुक्त बनाउन शिक्षक दरबन्दी थप गर्नु पर्ने देखिन्छ ।

(ख) विद्यालयहरुमा नियमित रुपमा निर्माणात्मक मूल्याङ्कनका साधनहरु प्रयोग गर्न शिक्षकहरुलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

(ग) विद्यार्थीलाई कक्षाकार्य, गृहकार्य गर्न प्रोत्साहित गर्ने र नियमित परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनु पर्ने आवश्यकता देखिन्छ ।

(घ) विद्यालयहरुमा साप्ताहिक रुपमा अतिरिक्त क्रियाकलापहरु लगायत बौद्धिक क्षमता वृद्धि गर्ने खालका क्रियाकलाप नियमित रुपमा गराउनु पर्ने देखिन्छ ।

(ङ) शिक्षकहरुमा पुनर्ताजकी तालिमको व्यवस्था, निरीक्षण प्रणालल्गाइ सक्रिय र शिक्षकहरुलाई दण्ड र पुरस्कारको व्यवस्था अनिवार्य रुपमा गर्नुपर्ने देखिन्छ ।

(च) शिक्षक, विद्यार्थी र अभिभावकको अन्तरक्रिया समय समयमा गर्नु पर्ने आवश्यकता देखिन्छ ।

(छ) उत्तर पुस्तिका परीक्षण गर्दा उत्तर कुञ्जिकाको अनिवार्य प्रयोग गर्नुपर्ने देखिन्छ ।

(ज) शिक्षणलाई सुधार गर्दै लैजान शिक्षकलाई शिक्षण कार्यमा सहयोग गर्न विद्यालय देखि जि.शि.का.बाट सम्म सुपरीवेक्षण र अनुगमन हुने व्यवस्था गरिनु पर्दछ ।

(झ) प्र.अ. ले नियमित रुपमा शिक्षकहरुको कक्षा अवलोकन गरी रेकर्ड राख्ने र विश्लेषण गर्नु पर्ने देखिन्छ ।

(ञ) विद्यालयमा शिक्षण कार्यका लागि कार्य योजना लगायत वार्षिक शैक्षणिक योजना, एकाइ योजना निर्माण गरी सो आधारमा दैनिक रुपमा पाठ योजना सहित शिक्षण गर्नु पर्ने देखिन्छ ।

(ट) मासिक रुपमा शिक्षक स्टाफ बसी मासिक प्रगति विवरण तयार गरेर समिक्षा गर्दै भविष्यका लागि कार्य योजना तयार गरिएको पाइएन ।

(ठ) शिक्षकले निष्पक्षताका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नु पर्ने देखिन्छ ।

(ड) शिक्षकलाई कार्यभार बढी भएको खण्डमा कार्यबोझका कारण शिक्षकले प्रभावकारी शिक्षण गर्न सक्दैन । त्यसैले शिक्षक विद्यार्थी अनुपातलाई मध्यनजर राखी शिक्षा नियमावलीले तोके अनुसारका कार्यभारको व्यवस्था गर्नु पर्ने पाइयो ।

(ढ) विद्यालयको संस्थागत विकासका लागि आवश्यक सबैले विना राजनैतिक आग्रह र पूर्वाग्रह एक ढिक्का हुने वातावरण निर्माण गर्नु पर्ने देखियो ।

(ण) प्राथमिक तहमा शिक्षकले सबै विषय अध्यापन गर्नुपर्ने अवस्था भएकोले विषयगत रुपमा योग्य र दक्ष शिक्षकको व्यवस्था गर्नु पर्ने पाइयो ।

(त) विद्यालयको शैक्षिक उपलब्धि र गुणस्तर वृद्धिका लागि अभिभावकहरुको भेला गराइ विद्यालयको अवस्थाको बारेमा जानकारी गराउँदै अवस्था सुधारका लागि सहयोग गर्न प्रोत्साहित गर्ने वातावरण निर्माण गर्नु पर्ने देखियो ।

**तालिका नं. ९ : निर्माणात्मक मूल्याङ्कन पद्धतिमा देखिएका समस्या समाधानका उपायहरु**

| क्र.सं. | विवरण | वि.व्य.स. ३ | प्र.अ. ३ | शिक्षक ६ |
|---|---|---|---|---|
| १. | निर्माणात्मक मूल्याङ्कनको प्रयोग निरन्तर रुपमा गर्नु पर्ने | २(६६.६६%) | ३(१००%) | ६(१००%) |
| २. | विभिन्न परीक्षालाई आधार मान्नु पर्ने | ३(१००%) | ३ (१००%) | ६(१००%) |
| ३. | विद्यार्थीको प्रयोगात्मक पक्षमा जोड दिनु पर्ने | २(६६.६६%) | २(६६.६६%) | ४(६६.६६%) |
| ४. | शिक्षकलाई नयाँ नयाँ मूल्याङ्कन पद्धति सम्बन्धि तालिमको व्यवस्था गर्नु पर्ने | ३(१००%) | २(६६.६६%) | ५(८३.३३%) |
| ५. | विद्यार्थीको जीवन उपयोगी सीप विकासमा जोड दिनुपर्ने | १(३३.३३%) | २(६६.६६%) | ४(६६.६६%) |

तालिकामा प्राप्त परिणामको विश्लेषण गर्दा २ जना (६६.६६%), वि.व्य.स.का पदाधिकारीहरु, ३ जना (१००%), प्र.अ. ६ जना (१००%) शिक्षकले निर्माणात्मक मूल्याङ्कनको प्रयोग गर्नुपर्ने कुरा अभिव्यक्त गरे भने ३ जना (१००%), वि.व्य.स.का पदाधिकारीहरु, ३ जना (१००%) प्र.अ. र ६ जना (१००%) शिक्षकहरुले विभिन्न परीक्षालाई आधार मान्नु पर्ने कुरा व्यक्त गरे । त्यस्तै विद्यार्थीको प्रयोगात्मक पक्षमा जोड दिनु पर्नेमा २ जना (६६.६६%), वि.व्य.स.का पदाधिकारीहरु, २ जना (६६.६६%) प्र.अ. र ४ जना (६६.६६%) शिक्षकले जोड दिए । शिक्षकलाई नयाँ नयाँ मूल्याङ्कन

पद्धती समबन्धी तालिमको व्यवस्थामा जोड दिनुपर्नेमा ३ जना (१००%) वि.व्य.स.का पदाधिकारीहरु, २ जना (६६.६६%) प्र.अ. र ५ जना (८३.३३%) शिक्षकको प्रतिक्रिया रह्यो । विद्यार्थीको जीवन उपयोगी सीप विकासमा जोड दिनुपर्नेमा १ जना (३३.३३%) वि.व्य.स.का पदाधिकारी, २ जना (६६.६६%), प्र.अ. र ४ जना (६६.६६%) शिक्षकले निर्माणात्मक मूल्याङ्कन पद्धतिमा देखिएका समस्याको समाधानका उपायहरुको रुपमा प्रस्तुत गरे ।

माथि उल्लेखित समस्याहरु समाधान गरी शैक्षिक क्षेत्रमा निर्माणात्मक मूल्याङ्कन पद्धतिलाई निरन्तर रुपमा प्रयोग गरिएको खण्डमा विद्यालयहरुको शैक्षिक उपलब्धि प्रभावकारी हुने कुरा एकिनका साथ भन्न सकिन्छ ।

## ४.५ प्राप्तीको सारांश

निर्माणात्मक मूल्याङ्कनले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव भन्ने शीर्षक छनोट गरी सूचना संकलनका आवश्यक साधनहरुको प्रयोग गरी विभिन्न सूचनाहरु संकलन गरिएको छ । यस अध्ययन क्षेत्रमा रहेका विद्यालयहरुमा गरिएको अध्ययन र विश्लेषबाट प्राप्त प्राप्तीहरुलाई यसरी उल्लेख गरिएको छ :

धेरै विद्यार्थी भएका कक्षाहरुमा निर्माणात्मक मूल्याङ्कन गर्न समयको अभाव हुने साथै शिक्षकहरुको साप्ताहिक कार्यभार बढी भएकोले यसको प्रयोग कम रहेको पाइयो । विद्यालयहरुमा प्रयोगात्मक परीक्षाहरु, अतिरिक्त क्रियाकलापहरुको नियमित सञ्चालन कमै मात्रामा भएको र नियमित रुपमा विद्यालयमा उपस्थित हुन नसक्ने विद्यार्थीहरुको मूल्याङ्कनमा समस्या सिर्जना भएको पनि पाइयो । त्यसैगरी व्यवहारको अवलोकन एवं मूल्याङ्कनबाट पनि कक्षोन्नती गरिने भएकोले माथिल्लो कक्षाको शिक्षणमा कठिनाइ उत्पन्न भएको साथै निर्माणात्मक मूल्याङ्कनको साधनहरुको प्रयोग गरी मूल्याङ्कन गर्दा बढी प्रभावकारी हुने गरेको पनि देखियो । यसरी नै निरन्तर रुपमा मूल्याङ्कनका विविध साधनहरुको प्रयोग गर्न शिक्षकहरुमा तालिमको आवश्यकता परेको देखियो । अध्ययन गरिएका तीनवटै विद्यालयमा योजनावद्ध शिक्षण गर्ने गरेको पाइएन यसरी नै विषयगत समिति गठन

गरी विषयगत समस्या उपर सामूहिक छलफल गर्ने गरेको पनि पाइएन । प्र.अ. लगायत स्रोत व्यक्ति र वि.नि.बाट नियमित सुपरीवेक्षण र अनुगमन भएको पाइएन । शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्ने गरेको पाइएन साथै नियमित कक्षाकार्य, गृहकार्य दिने, परीक्षण गर्ने र सुधारका उपायहरु अवलम्बन गर्ने गरेको कमै पाइयो र नतिजा विश्लेषण गर्ने गरेतापनि समस्या सुधार गर्न खासै पहल हुने गरेको पाइएन । त्यसको साथ-साथै शिक्षक, विद्यार्थी र अभिभावकहरुको अन्तरक्रिया गरी प्र.अ., शिक्षक, वि.व्य.स., शि.अ. संघको संयुक्त बैठक बसी शैक्षिक उपलब्धिको विषयमा अन्तरक्रिया गर्ने गरेको पनि पाइएन यसरी अध्ययन गरिएका विद्यालयहरुमा विषयगत शिक्षकको अभाव रहेको पाइयो भने निर्माणात्मक मूल्याङ्कनलाई प्रभावकारी र नियमित बनाउनका लागि कुनै पनि थप प्रयासहरु भएको पाइएन । विद्यालयमा राजनीतिले प्रत्यक्ष प्रभाव पारेको पाइयो, जसमा चन्दा, विद्यार्थीमा विभिन्न संगठनहरुको निर्माण आदिले पढाइको स्तर खस्किन गई शिक्षकहरुको मनोवल पनि गिर्दै गएको पाइयो । अध्ययन क्षेत्रका विद्यालयहरुमा निर्माणात्मक भन्दा निर्णयात्मक मूल्याङ्कनको बढी प्रयोग हुने गरेको र अध्ययन क्षेत्रभित्र परेका विद्यालयहरुको आर्थिक अवस्था पनि नाजुक स्थिति रहेको समेत पाइयो ।

# परिच्छेद- पाँच

## निष्कर्ष र सुझाव

### ५.१ निष्कर्ष

क) छनौटमा परेका तीनवटै विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कनको अवस्था विश्लेषण गर्दा निर्माणात्मक मूल्याङ्कनका साधनहरु कक्षाकार्य, गृहकार्य, एकाइ, मासिक र त्रैमासिक परीक्षा, अतिरिक्त क्रियाकलाप एवं वैयक्ति विवरण राखी विद्यार्थीको हरेक पक्षको निरन्तर मूल्याङ्कन गर्ने कार्य नभएको देखिन्छ ।

ख) कक्षाको आकार ठूलो हुनु, तालिम प्राप्त शिक्षकको अभाव, विद्यालयको कमजोर आर्थिक अवस्था, प्र.अ.को प्रशासकिय क्षमताको कमी, शिक्षकहरुको सेवा र सुविधा न्यून हुनु, शिक्षकको पेशागत दक्षता विकासका कार्यक्रमहरु सञ्चालन नहुनु, विद्यालय र समुदाय विच समन्वयात्मक सम्बन्ध नहुनु, शिक्षकहरुमा दायित्वबोधको कमी, विद्यालयमा हुने राजनैतिक चलखेल आदि समस्याका कारण विद्यालयमा निर्माणात्मक मूल्याङ्कनको प्रयोग नियमित र निरन्तर हुने गरेको देखिएन ।

ग) शिक्षकहरुको साप्ताहिक कार्यभार बढी भएकोले गृहकार्य, कक्षाकार्य, एकाइ तथा कक्षा परीक्षा सञ्चालनमा कठिनाइ भएको छ, जसले गर्दा निर्णयात्मक वा परीक्षालाई नै मूल्याङ्कनको मूल आधार मानिएको देखियो ।

घ) मूल्याङ्कन निर्णयात्मक हुने भएकोले विद्यार्थीले उचित समयमा पृष्ठपोषण प्राप्त गर्न सकेको पाइएन ।

ङ). विद्यार्थी मूल्याङ्कन परिपाटल्गाइ शिक्षामा आएको परिवर्तित धारणा अनुसार अगाडी बढाउनु आवश्यक छ । जतिजति विद्यार्थी केन्द्रित मूल्याङ्कन पद्धति अवलम्बन गरिन्छ त्यति नै बढी शैक्षिक उपलब्धि प्राप्त गर्न सकिने देखिन्छ ।

च) विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कनको अवस्था सुदृढ गर्न विद्यार्थीको घर परिवार र समुदाय, विद्यालयको वातावरण, विद्यालयको प्रशासकीय एवं व्यवस्थापकिय पक्ष, शिक्षक, प्र.अ., वि.व्य.स., शि.अ., संघ विचको सम्बन्ध,

पुरस्कार र दण्डको अवस्था, शिक्षण कौशल र निरन्तर मूल्याङ्कन प्रणालीले प्रभाव पार्ने हुनाले विद्यालयमा निर्माणात्मक मूल्याङ्कनको प्रयोग निरन्तर गरी शैक्षिक उपलब्धि, गुणस्तर वृद्धि गर्नु सम्बन्धित सम्पूर्ण पक्षको समन्व्यात्मक गर्नु  सम्बन्धित सम्पूर्ण पक्षको समन्वयात्मक भूमिका जुटाउन आवश्यक छ ।

छ) कृषि सिजनको समयमा विद्यालयभन्दा कृषि क्षेत्रलाई प्राथमिकता दिनुपर्ने बाध्यता भएकोले विद्यार्थीको विद्यालयमा नियमित उपस्थित हुन नसक्ने र अध्ययन कार्यलाई निरुन्तरता दिन नसक्ने जस्ता कारणले अपेक्षित शैक्षिक उपलब्धि प्राप्त हुन नसक्नु ।

ज) कक्षा १० को कोर्ष समयमानै सिध्याउनु पर्ने भएकोले समयको अभाव र एउटै कक्षामा धेरै विद्यार्थी राख्नु पर्दा शिक्षकले सबैलाई समान ध्यान पुऱ्याउन नसकेको पनि देखिन्छ ।

झ) विभिन्न विद्यालयहरुको निरीक्षण र विद्यालयहरुले अबलम्बन गरेको मूल्याङ्कन पद्धति हेर्दा समग्र विद्यालयमा हुने गरेको मूल्याङ्कन पद्धतिमा सुधार गरी निरन्तर रुपमा निर्माणात्मक मूल्याङ्कन गर्नु आवश्यक छ ।

## ५.२ सुझावहरु

अध्ययनको क्रममा प्राप्त गरिएका सूचनाहरुको विश्लेषण र निष्कर्ष पश्चात् निम्नानुसार सुझावहरु प्रस्तुत गर्न सकिन्छ ।

### ५.२.१ नीति निर्माण तहका लागि

क) शिक्षकहरुलाई सक्रिय बनाउने खालको नीति नियमको निर्माण गर्नुपर्ने ।

ख) निर्माणात्मक मूल्याङ्कन प्रणाली न्यून तहमा अनिवार्य आवश्यकता भएकोले सोही अनुसारको नीति नियम निर्माण गर्नुपर्ने ।

ग) विद्यार्थीहरुको तह र मानसिकतालाई हेरेर नीति निर्माण गर्नुपर्ने ।

घ) प्र.अ. बाहेक स्रोत व्यक्ति र वि.नि. बाट पनि समय समयमा कक्षा अवलोकन र सुपरिवेक्षण गर्ने व्यवस्था हुनु पर्ने ।

ङ) शिक्षकहरुलाई तालिम र पुर्नताजगी तालिमको व्यवस्था हुनुपर्ने ।

च) नीति तथा कार्यक्रमको मात्रै निर्माण नगरी त्यसको कार्यान्वयन पक्षलाई विशेष ख्याल गर्नुपर्ने ।

छ) विद्यार्थी संख्या र शिक्षकको अनुपात मिलाउनुपर्ने ।

ज) शिक्षकको सेवा, सुविधा र जागिरको स्थायित्वको पक्षलाई विशेष ध्यान दिनुपर्ने ।

झ) प्रभावकारी शिक्षणका लागि शिक्षक विद्यर्थी दुवैलाई दण्ड, पुरस्कारको व्यवस्था हुनुपर्ने ।

ञ) शिक्षा नीतिमा नै विद्यार्थी सक्रिय, अभिभावकहरुलाई विद्यालय प्रतिको चासो बढाउने किसिमबाट कार्यक्रम दिइनुपर्ने ।

ट) नीति निर्माणका लागि राजनीतिले प्रभाव पार्न नहुने ।

ठ) प्र.अ.मा प्रशासनिक एवं व्यवसायिक क्षमता अभिवृद्धि तालिम अनिवार्य गरिनुपर्ने

ड) समय सापेक्ष नीति नियममा सुधार भइरहनु पर्ने ।

ढ) विद्यालयको शैक्षिक उपलब्धि वृद्धिको लागि आर्थिक स्रोत अनिवार्य भएकोले विद्यालयको आर्थिक तथा भौतिक व्यवस्थापनलाई सुदृढ बनाउन प्र.अ. तथा वि.व्य.स.ले दिगो आर्थिक स्रोतको समुचित व्यवस्था मिलाउनु पर्ने ।

ण) पेन्सन भइसकेका शिक्षकहरुलाई विद्यालयबाट अनिवार्य रुपमा अवकास लिनुपर्ने नियमको व्यवस्था हुनु पर्ने ।

### ५.२.२ कार्यान्वयन तहका लागि

क) शैक्षिक सत्रको शुरुवाट नै शिक्षकलाई निर्माणात्मक मूल्याङ्कन पद्धतिको बारेमा आवश्यक जानकारी उपलब्ध गराउने ।

ख) शैक्षिक सत्रको शुरुमा नै शिक्षक स्टाफ बैठक बसी आन्तरिक मूल्याङ्कन प्रक्रियाको बारेमा छलफल गरी निष्कर्ष निकाल्ने ।

ग) निर्माणात्मक मूल्याङ्कन प्रक्रियाका साधनहरु जस्तै : कक्षाकार्य, गृहकार्य, एकाइ परीक्षा, विद्यार्थीको नियमित उपस्थिति, अतिरिक्त क्रियाकलापमा सहभागिता आदिको स्पष्ट लेखाजोखा राखी कार्य सञ्चयिका फाइल खडा गर्ने योजना बनाउने ।

घ) विद्यालयमा अध्ययनरत प्रत्येक शिक्षकलाई तालिमको अवसर प्रदान गर्ने ।

घ) विद्यालयका प्र.अ.ले नियमित रुपमा अवलोकन र निरीक्षण गर्ने ।

ङ) राम्रो अध्यापन गराउने शिक्षकलाई पुरस्कृत गरी नमूनाको रुपमा प्रस्तुत गर्ने ।

च) नियमित रुपमा विद्यालय उपस्थित हुने छात्र छात्रालाई पुरस्कारको व्यवस्था गर्ने ।

छ) राजनीति गतिविधिबाट शिक्षक र विद्यार्थीलाई टाढा राख्ने ।

ज) विद्यार्थी संख्या धेरै भएर पनि विद्यार्थीको स्पष्ट विवरण राख्न नसक्ने अवस्था सिर्जना भएमा विद्यालयले थप शिक्षकको व्यवस्था गरी विद्यार्थीहरुको यथार्थ विवरण अध्यावधिक गराइरहनु पर्ने ।

झ) विद्यलायमा बेला बेलामा अभिभावक भेला आयोजना गर्नुपर्ने ।

ञ) शिक्षक नियुक्ति प्रक्रिया स्वतन्त्र र निष्पक्ष किसिमबाट गराउनु पर्ने ।

ट) शिक्षक र प्र.अ. विचमा सहयोगात्मक र प्रजातान्त्रिक व्यवहार हुनु पर्ने ।

### ५.२.३ अनुसन्धान तहका लागि

कुनै एक विषयमा गरिएको अध्ययनबाट प्राप्त निष्कर्षहरु सोही विषयको अन्य पक्षको अध्ययनको लागि आधार हुने गर्दछन् । कुनै पनि अध्ययनबाट सो विषयको सम्पूर्ण पक्षको प्रतिनिधित्व गर्न सकिदैन । यस शीर्षकमा गरिएको अध्ययनबाट प्राप्त शीर्षकहरुले यस विषयमा अन्य शिर्षकहरुको अध्ययनको लागि सहयोग पुऱ्याउनु पर्ने मानिन्छ । यस्तै प्रकारका थप अध्ययनका लागि भावी पिढीहरुले निम्न शीर्षकमा रहेर अध्ययन गर्ने आधार बन्ने छ ।

क) निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको प्रभावकारीताको तुलनात्मक अध्ययन ।

ख) संस्थागत र सामुदायिक विद्यालयमा निर्माणात्मक मूल्याङ्कनको प्रभावकारीताको अध्ययन ।

ग) मूल्याङ्कन प्रक्रियाले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव अध्ययन ।

## निर्माणात्मक मूल्याङ्कनले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव

## अनुसूची १

**विद्यार्थीका लागि छलफल प्रश्नावली**

नाम : लिङ्गः

विद्यालय : ठेगाना :

कक्षा :

१) यस विद्यालयमा तिमीले कहिलेदेखि अध्ययन गर्न थालेका हौं ?

.........................................................................................................

२) तिम्रो विद्यालयमा एक शैक्षिक सत्रमा लिखित परीक्षा कति पटक हुन्छ ?

.........................................................................................................

३) लिखित परीक्षाबाट मात्रै तिमीहरुको सबै पक्षको मूल्याङ्कन गरीन्छ ?

.........................................................................................................

४) शिक्षकले तिमीहरुलाई गृहकार्य, कक्षाकार्य दिनु हुन्छ कि हुदैन ?

.........................................................................................................

५) कक्षा कार्य, गृहकार्य नियमित जाँच गर्नु हुन्छ कि हुँदैन ?

.........................................................................................................

६) तिमीहरुको विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन हुन्छ कि हुँदैन ?

.........................................................................................................

७) अतिरिक्त क्रियाकलाप सञ्चालन हुन्छ भने महिनामा कति पटक हुन्छ ?

.........................................................................................................

८) तिमीहरुको विद्यालयमा एकाइ परीक्षा, कक्षा परीक्षा हुन्छ कि हुँदैन ?

.........................................................................................................

९) आन्तरिक परीक्षाबाट प्राप्त नम्बर अन्तिम परीक्षामा जोडिन्छ कि जोडिदैन ।

.........................................................................................................

## निर्माणात्मक मूल्याङ्कनले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव

## अनुसूची २

## शिक्षकका लागि छलफल प्रश्नावली

नाम : लिङ्गः

विद्यालय : ठेगाना :

शैक्षिक योग्यता : अनुभवः

१) यस विद्यालयमा तपाईको शिक्षण अनुभव कति भयो ?

………………………………………………………………………………………………

२) तपाईले शिक्षण गर्ने मूल विषय कुन हो ?

………………………………………………………………………………………………

३) जि.शि.का वा श्रोत केन्द्रबाट शैक्षिक उपलब्धिमा वृद्धि गर्न सहयोग गर्ने खालका तालिम, गोष्ठि, पुनर्ताजगी तालिममा सहभागी हुनु भएको छ ?

………………………………………………………………………………………………

४) तपाईको विचारमा विद्यार्थी मूल्याङ्कनका लागि निर्माणात्मक र निर्णयतात्मक मूल्याङ्कनमा कुन प्रभावकारी लाग्छ ? किन ?

………………………………………………………………………………………………

५) तपाईले कक्षा शिक्षणमा कक्षाकार्य, गृहकार्य, परियोजना कार्य दैनिक रुपमा दिने गर्नु हुन्छ ?

………………………………………………………………………………………………

६) कक्षा कार्य, गृहकार्य परियोजना कार्य नियमित जाँच गर्नुहुन्छ ? हुन्न भने किन ?

………………………………………………………………………………………………

७) तपाईले परीक्षालाई नै मूल्याङ्कनको मूल आधार मान्नु भएको छ ? छैन भने किन ?

………………………………………………………………………………………………

८) एकाइ परीक्षा, मासिक परीक्षा, त्रैमासिक परीक्षा लिने गर्नु भएको छ कि छैन ?

………………………………………………………………………………………………

९) विद्यार्थीको नतिजा विश्लेषण गर्नु हुन्छ वा गर्नु हुन्न ।

………………………………………………………………………………………………

१०) मूल्याङ्कन प्रक्रियालाई सबल र सफल बनाउन प्र.अ. र वि.व्य.स.बाट सहयोग पाउनु भएको छ ? कि छैन ?

………………………………………………………………………………………………

## निर्माणात्मक मूल्याङ्कनले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव

## अनुसूची ३

## प्रधानाध्यापकका लागि छलफल प्रश्नावली

नाम : लिङ्ग:

विद्यालय : ठेगाना :

शैक्षिक योग्यता : अनुभव:

१) तपाई प्र.अ. भई कार्य गर्नु भएको कति वर्ष भयो ?

..........................................................................................................................

२) प्र.अ. व्यवस्थापन तालिम लिनु भएको छ कि छैन ?

..........................................................................................................................

३) के तपाईको विद्यालयमा लिखित परीक्षालाई नै मूल्याङ्कनको मूल आधार मान्नु हुन्छ?

..........................................................................................................................

४) के मूल्याङ्कन सम्बन्धि तालिममा शिक्षकलाई सहभागी गराउनु भएको छ ? गराउनु भएको छ भने कति जनालाई गराउनु भएको छ ?

..........................................................................................................................

५) के शैक्षिक सुपरीवेक्षण नियमित गर्नु हुन्छ ? हुन्न भने किन गर्नु हुन्न ?

..........................................................................................................................

६) शिक्षकहरुले नियमित कक्षा कार्य, गृहकार्य दिए नदिएको अनुगमन गर्नु हुन्छ कि गर्नु हुन्न ?

..........................................................................................................................

७) निर्माणात्मक मूल्याङ्कन सम्बन्धि बजेट छुट्याउनु भएको छ कि छैन ?

..........................................................................................................................

८) विद्यालय तहमा विद्यार्थीको मूल्याङ्कनको स्थिति मूल्याङ्कन गर्न शिक्षकहरुलाई प्रेरणा दिने र सहयोग गर्ने गर्नु हुन्छ कि हुन्न ।

..........................................................................................................................

९) निर्माणात्मक मूल्याङ्कनलाई प्रभावकारी बनाउन तपाईले केही थप प्रयासहरु गर्नु भएको छ वा छैन ।

..........................................................................................................................

## निर्माणात्मक मूल्याङ्कनले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव

## अनुसूची ४

## वि.व्य.स. पदाधिकारीका लागि छलफल प्रश्नावली

नाम : लिङ्गः

विद्यालय : ठेगाना :

शैक्षिक योग्यता :

१) तपाईले यस विद्यालयमा वि.व्य.स. मा रहेर कहिले देखि कार्य गर्नु भएको हो ?

......................................................................................................

२) तपाई विद्यालयको शैक्षिक उपलब्धि प्रति सन्तुष्ट हुनु हुन्छ ?

......................................................................................................

३) विद्यालयमा नियमित गएर अनुगमन गर्नु हुन्छ ? कि हुदैन ?

......................................................................................................

४) तपाईको विद्यालयमा निर्माणात्मक वा निर्णयात्मक मूल्याङ्कन मध्ये कुनको बढी प्रयोग गर्ने गरेको पाउनु भएको छ ?

......................................................................................................

५) के तपाई शिक्षक, विद्यार्थीहरुका समस्या समाधनमा निरन्तर सहभागी हुनु भएको छ कि छैन ?

......................................................................................................

६) तपाईको विद्यालयमा नयाँ ढाँचा र तरिकाले मूल्याङ्कन गर्ने गरिएको छ कि छैन ?

......................................................................................................

७) तपाईको विद्यालयमा कार्यरत सबै शिक्षकहरुलाई मूल्याङ्कनका साधनहरु र प्रक्रियाको बारेमा तालिममा पठाउनु भएको छकि छैन ?

......................................................................................................

## निर्माणात्मक मूल्याङ्कनले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव

## अनुसूची ५

## वि.नि./स्रोत व्यक्तिका लागि छलफल प्रश्नावली

नाम : लिङ्गः

विद्यालय : ठेगाना :

शैक्षिक योग्यता :

१) तपाईको विद्यालय निरीक्षण सुपरीवेक्षणको अनुभव कति वर्षको भयो ?

..........................................................................................................

२) विद्यालयमा सुपरीवेक्षण गर्दा कुन कुन पक्षमा ध्यान दिनु भएको छ ?

..........................................................................................................

३) के तपाईले निरीक्षण गर्नु भएको विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कनको प्रयोग भएको पाउनु भएको छ या छैन ?

..........................................................................................................

४) विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कनको अवस्थ के कस्तो रहेको छ ?

..........................................................................................................

५) निर्माणात्मक मूल्याङ्कनलाई प्रभावकारी बनाउन शिक्षणमा सुधार गर्नु पर्छ वा पर्दैन ?

..........................................................................................................

६) शिक्षक छनोटमा कतै कसैको दबाब आउने गरेको छ कि छैन ?

..........................................................................................................

७) शिक्षकहरुको कक्षा निरीक्षण गर्नु भएको छ कि छैन ?

..........................................................................................................

८) कक्षा निरीक्षण गर्नु भएको भए कति कति समयमा गर्नु हुन्छ ?

## निर्माणात्मक मूल्याङ्कनले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव

## अनुसूची ६

## लक्षित समूह छलफल निर्देशिका

विद्यालयको नाम :

ठेगाना :

१) निर्माणात्मक मूल्याङ्कनको वर्तमान अवस्था

२) शैक्षिक उपलब्धि सुधारका लागि गरेका कार्यहरु

३) विद्यार्थी मूल्याङ्कन पद्धति र विद्यालयको शैक्षिक सुधारका लागि गरिएका प्रयासहरु ।

४) वर्तमान विद्यार्थी मूल्याङ्कनका चुनौतीहरु ।

५) निर्माणात्मक मूल्याङ्कनले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव ।

## निर्माणात्मक मूल्याङ्कनले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव

## अनुसूची ७

## अवलोकन फारम

## विद्यालयको सम्पूर्ण स्थितिको अवस्था पहिचान

विद्यालयको नाम :

ठेगाना :

| क.सं. | अवस्था | अति उत्तम | मध्यम | न्यून |
|---|---|---|---|---|
| १ | जग्गा जमिनको पर्याप्तता | | | |
| २ | छाना | | | |
| ३ | खेल मैदानको उपयुक्तता | | | |
| ४ | विद्यालय भवन तथा कक्षाकोठाको प्रयोग | | | |
| ५ | धारा (खानेपानी) | | | |
| ६ | पुस्तकालय र पुस्तकको अवस्था | | | |
| ७ | विज्ञान प्रयोगशाला | | | |
| ८ | शौचालय | | | |
| ९ | विद्यार्थी संख्या | | | |
| १० | विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या | | | |
| ११ | शैक्षिक सामग्रीको उपलब्धता | | | |
| १२ | विद्यालयको आम्दानी खर्चको विवरण | | | |
| १३ | सरसफाइ र फोहोर व्यवस्थापन | | | |
| १४ | तथ्याङ्क अभिलेख | | | |
| १५ | योजना निर्माण र कार्यान्वयन | | | |
| १६ | शैक्षिक उपलब्धि | | | |
| १७ | विद्यार्थी मूल्याङ्कन पद्धतिको नियमितता | | | |

## सन्दर्भ सामग्री

खनाल, श्री प्रसाद (२०६५), *कार्यक्रम मूल्याङ्कन,* काठमाडौं, जुपिटर पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

ज.ब.रा., स्वयं प्रकाश र अन्य (२०६१), *शिक्षामा मापन र मूल्याङ्कन,* काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिका (२०६८), *पाठ्यक्रम विकास केन्द्र,* भक्तपुर, सानोठिमी ।

पराजुली, तीर्थराज र अन्य, (२०६५), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौं, सनलाइट पब्लिकेशन ।

पराजुली, तीर्थराज र अन्य, (२०६५), *शिक्षामा मापन र मूल्याङ्कन,* काठमाडौं, सनलाइट पब्लिकेसन ।

पोखरेल, टिकाराम र अन्य (२०५८), *शिक्षामा मापन र मूल्याङ्कन,* काठमाडौं, सनलाइट पब्लिकेसन ।

प्राथमिक तहको पाठ्यक्रम दिग्दर्शन (२०५०), पाठ्यक्रम विकास केन्द्र, भक्तपुर, सानोठिमी ।

प्राथमिक तहको पाठ्यक्रम (२०४९), पाठ्यक्रम विकास केन्द्र, भक्तपुर, सानोठिमी ।

शर्मा, चिरञ्जीवी, शर्मा निर्मला (२०६४), *पाठ्यक्रम योजना र अभ्यास,* काठमाडौं, एम.के. पब्लिकेशन एण्ड डिष्ट्रीब्यूटर्स ।

शर्मा एण्ड शर्मा, (२०६३), *शैक्षणिक मूल्याङ्कन,* काठमाडौं, एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

श्रेष्ठ, चन्द्रबहादुर र अन्य, (२०६३), *शैक्षणिक मूल्याङ्कन,* काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, राजेन्द्र, (२०६८), *प्रा.वि. विद्यालयमा निर्माणात्मक मूल्याङ्कन,* चितवन, अप्रकाशित शोधपत्र सप्तगण्डकी बहुमुखी क्याम्पस ।

विद्यालय सुधार योजना (२०६५-२०६९) जन जीवन उच्च मा.वि., चैनपुर ।

विद्यालय सुधार योजना (२०६५-२०६९) जन एकता मा.वि., चैनपुर ।

विद्यालय सुधार योजना (२०६५-२०६९) कंकाली मा.वि., चैनपुर ।